वर्ष : १९, अंक : ३७, काठमाडौं, २०८० माघ ५ गते शुक्रबार, 19 January, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

मधेश विद्रोहको १७ वर्ष : आंशिक उपलब्धि

काठमाडौं । संघीयता, जनसँख्याको आधारमा प्रतिनिधित्वको सवाल, नागरिकता, पहिचान गायतका कुरा त्यहीँ आन्दोलनबाट प्राप्त भएका हुन् । तर, आन्दोलनको अझै टुगों लागेको छैन । राज्यको चरित्र मधेशप्रति दमनात्मक छ । आन्दोलनलाई सेटलमेन्ट गर्नुको सट्टा झन् उत्तेजित बनाउने काम सरकारबाट भइरहेको छ । पहिलो मधेश आन्दोलन राज्य विरुद्धको आन्दालन थियो । त्यो आन्दोलनलाई समाप्त कसरी गर्न सकिन्छ भनेर राज्यले सोच्यो । तर, मधेशले त्यसको प्रतिरोध गरिरह्यो । अहिले पनि राज्य र मधेशबीच त्यसैका लागि लडाई भइरहेको छ । मधेशले मात्र आठ जिल्लाको प्रदेश पाएको छ, आफ्नो राजधानी पाएको छ, तर यो आंशिक उपलब्धि मात्रै हो । मधेशले स्वायत्तता, आत्मनिर्णयसहितको प्रदेश खोजेको थियो तर त्यो हुन सकेन, प्रशासनिक ढाँचाका रूपमा प्रदेश र राजधानी मात्रै पाएको छ ।

अधिकार प्राप्तिको लागि मधेश आन्दोलनको बिगुल फुकेर अग्र स्थानमा रहेका युवाहरु अहिले ओझेलमा परेका छन् । मधेशमा भएको तीनवटै मधेश आन्दोलनमा दर्जनौं मधेशी जनताले सहादत प्राप्त गरे ।

२०६३ माघ १ गते अन्तरिम संविधान २०६३ जारी भयो । उक्त संविधानमा संघीयता लगायत समावेशिता, समानुपातिक प्रतिनिधित्व, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण, आरक्षण, नागरिकता समस्या मधेश मुक्तिका मुख्य सवालहरु नसमेटिएकोले तत्कालीन मधेशी जनअधिकार फोरम नेपालले माघ २ गते देशभरि नै संविधान जलाउने निर्णय गऱ्यो । सोही निर्णयअनुसार देशैभरि संविधान जलाइयो । फोरमको भ्रातृ संगठन नेपाल मधेशी विद्यार्थी फ्रन्टको केन्द्रीय उपाध्यक्षको हैसियतले म, फोरम अध्यक्ष किशोरी यादव, केन्द्रीय सदस्य चन्देश्वर सर लगयतको नेतृत्वमा सिरहा हेम नारायण चोकमा समेत संविधान जलाइयो ।

सो क्रममा फोरम नेता कार्यकर्ता र प्रहरीबीच झडप पनि भयो । सोही क्रममा काठमाडौंको माइतीघर मण्डलामा केन्द्रीय अध्यक्ष उपेन्द्र यादव लगायत १६ जना गिरफ्तार भए र उहाँहरुमाथि मुद्दा चलाइयो । यता मैले देशैभरिमा उपत्यका बाहिर सिरहामा देशको सबभन्दा पूरानो स्कुल (उपत्यका बाहेक) चमावी र सिरहा क्याम्पसमा क्रमश: सुदिप झा र कुमार विवेकको सहयोगले सिरहाको इमली चोकबाट मधेशी एकता जिन्दाबाद, हाम्रो नेतालाई रिहा गर लगायतको नारा लगाउँदै पहिलो विरोध प्रदर्शन गरे । जसलाई तत्कालीन केन्द्रीय सदस्य रामरिझन यादवले ठाँउ-ठाँउमा ताली बजाएर हौसला बढाएका थिए ।

त्यसपछि मधेशभरि र उपत्यकामा गिरफ्तार गरिएका नेता कर्याकर्ताहरुको रिहाइका लागि जुलुस रैली विरोध शुरु भयो । सोही क्रममा सिरहा लहानमा केन्द्रीय सदस्य कृष्ण बहादुर यादव लगायतका साथीहरुले महेन्द्र राजमार्ग अवरुद्ध गरी यातायात ठप्प हुनेगरी विरोध कर्याक्रम शुरु गर्नु भयो । आन्दोलनकै क्रममा माघ ५ गते माओवादी नेता राम कार्की पूर्वबाट पश्चिम जाने क्रममा आन्दोलन उल्लंघन गर्न खोज्नु भयो । फोरम कार्यकर्ताले प्रतिरोध गऱ्यो र त्यतिकैमा उहाँकै अंगरक्षक भनिने सियाराम ठाकुरले गोली चलाउँदा विद्यार्थी रमेश महतोको सहादत भयो ।

यो घटनापछि छिट्फुट रहेको आन्दोलन गतिलो रुप लियो । त्यसपछि रमेश महतोलाई शहीद घोषणा गर्नुपर्ने मागसहित तत्कालीन महेन्द्र चोक हालको शहीद चोकमा प्रदर्शन शुरु भयो । त्यो घटनालाई थुमथुमाउनुको सट्टा झन उग्र बनाउने कार्य भयो ? राती करिब १० बजे माओवादी नेता मातृका यादवको नेतृत्वमा रमेश महतोको लाश लुट्ने काम भयो र केही आन्दोलनकारी साथीहरुलाई अपहरण शैलीमा लाशसँगै लगियो र परिवारको मन्जुरी बेगर रमेश महतोको लाश मिचैया नजिक बतहा नदीमा जलायो ।

माओवादीको यो दमन र अपराधविरुद्ध सम्पूर्ण मधेशी जनता सडकमा ओर्लियो र बिहानैदेखि मधेश बिद्रोहको रुप लियो । त्यही दिन लहानमा थप ४ जनाको प्रहरीको गोलीबाट सहादत भयो । बेचन यादव, प्रमोद सदा, मो. मोदासिन र बिजय सहनी शहीद भए । त्यसपछि प्रत्येक जिल्लामा आन्दोलनले उग्रता लियो र शहादत हुने क्रम शुरु भयो ।

पहिलो चरणको आन्दोलन लगातार २४ दिनसम्म निरन्तर चल्यो, जसमा ५४ जना शहीद भए । सोही दौरान तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दुई-दुई पटक देशको नाममा सम्बोधन गरे र दोसो सम्बोधनबाट देश संघीयतामा जाने घोषणा भयो र आन्दोलनले विश्राम लियो ।

२००८ साल देखि २०७९ सालसम्म मधेशी समुदायले लगातार कुनै न कुनै रुपमा संघर्ष गरिरहेको छ । तर उपलब्धि खासै देखिदैन । अहिलेसम्म आ-आपनो क्षमतालाले भ्याएसम्म योगदान गरेका सबैलाई धन्यवाद दिनुपर्छ । आफ्नो जीवन उत्सर्ग गर्ने तमाम ज्ञात अज्ञात शहीदहरुलाई सत् सत् नमन । राजनीतिमा ढिलो कहिल्यै हुँदैन हिन्दीमा एउटा उखान छ, "जब जागा तब सबेरा" त्यसकारण सबै कुरालाई बिसेँर तराई-मधेशको भूमीबाट उदाएका सबै पार्टीको मोर्चाबन्दी गरी मधेशी, आदिवासी जनजाति, उत्पीडित खस आर्य, महिला, दलित लगायत सबै उत्पीडित जातजाति र समुदायको हकहितका लागि समर्पित भै अधिकार सम्पन्न गराउन तर्फ दृढ संकल्पित भएर लाग्नुको विकल्प छैन ।

'राजतन्त्रको कुनै पनि संस्करण घातक'

जलेश्वर । तराई-मधेश लोकतान्त्रिक पार्टीको अध्यक्ष वृषेशचन्द्र लालले राजतन्त्रको कुनै पनि संस्करण मधेशीहरुको निमित्त घातक हुनेछ भन्दै तराई-मधेशका जनतालाई संघीय लोकतान्त्रिक गणतन्त्रप्रति दृढताका साथ उभिन अपील गरेका छन् ।

अध्यक्ष लालले भनेका छन् -'राजतन्त्र भनेको शक्तिको श्रोत एउटाको हातमा हुनु हो । जनताको सर्वोच्चता खोसेर फेरि व्यक्तिको सर्वोच्चता कायम गर्नु हो । आज मधेशी र थारुहरु धेरै पछाडि परेका छन् र त्यसको निमित्त निश्चित रुपमा बढी जिम्मेदार राजतन्त्र नै हो । शाहवंशको इतिहास नाक-कान काट्ने, बौलाहा शासक दिने, राज्यको शक्ति सुक्री-बिक्री गर्ने, आफ्नै वंशको हत्या गर्ने, ड्रगिस्ट र लट्ठ हरुको इतिहास हो ।' आज महोत्तरीको जलेश्वरमा तमलोपाद्वारा आयोजित प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष वृषेशचन्द्र लालले प्रादेशिक संरचना र राष्ट्रियसभाको औचित्यबारे प्रश्न उठाउनेहरु प्रतिगमनको पृष्ठपोषक भएको आरोप लगाए । अध्यक्ष लालले प्रादेशिक संरचना प्रदेशका जनताको पहिचान र प्रदेशमा स्वशासनको प्रत्याभूतिसंग जोडिएको तथा राष्ट्रीयसभा संघीय संसदमा प्रदेशको प्रतिनिधित्वको निमित्त रहेको भन्दै यी दुवैलाई अझ अधिकारसम्पन्न बनाउनु आवश्यक भएको बताए ।

जसपाको महाधिवेशनसम्बन्धी कार्यतालिका पारित

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय समितिको बैठकले पार्टीको महाधिवेशनसम्बन्धी कार्यतालिका पारित गरेको छ । आज बसेको बैठकले आगामी जेठ २८ गतेदेखि ३० गतेसम्म धनुषामा आयोजना हुने पार्टी महाधिवेशनको कार्यतालिका पारित गरेको हो ।

पारित कार्यतालिका अनुसार संगठित पार्टी सदस्यता वितरण तथा नविकरण गर्न फागुन २५ गतेसम्मको समयसीमा तोकेको छ । त्यसैगरी संसदीय निर्वाचन क्षेत्रअनुसार संगठित पार्टी सदस्यहरुको अभिलेख तयार गरी जिल्ला समितिले राष्ट्रिय समिति र राष्ट्रिय समितिले प्रदेश समितिमार्फत केन्द्रीय कार्यालयमा चैत्र १० गतेसम्म पठाइसक्नु पर्ने छ ।

यसरी सदस्यता वितरण गर्दा मंसिर ३० गतेसम्म पार्टी सदस्यता प्राप्त गरिसकेका वा पार्टी संगठनमा आवद्ध तथा पार्टी संगठनमा कार्यरत पार्टी सदस्यलाई मात्र संगठित पार्टी सदस्यता प्रदान गर्नुपर्ने निर्णय भएको छ ।

उक्त पार्टी संगठित सदस्यतासम्बन्धी दावी विरोध अथवा उजुरी दिने व्यवस्था गरिएको छ त्यसका लागि चैत्र १० गतेसम्मको समयावधि तोकिएको छ ।

संसदीय निर्वाचन क्षेत्रको प्रतिनिधि निर्वाचनका लागि पार्टी केन्द्रीय कार्यालयले निर्वाचन समिति गठन गर्ने छ ।

म्हाधिवेशन प्रतिनिधिहरुको चयन तथा निर्वाचन २०८० चैत्र २० गतेदेखि २०८१ वैशाख २० गतेसम्म गरिसक्नुपर्ने छ । यसरी निर्वाचित महाधिवेशन प्रतिनिधिको नामावली केन्द्रीय कार्यालयमा मिति २०८१ वैशाख ३० गतेभित्र पठाइसक्नु पर्ने छ ।

महाधिवेशनसम्बन्धी प्रकिया एवम् कार्यविधि केन्द्रीय कार्यकारिणी समितिले तोक्ने तथा केन्द्रीय निर्वाचन समिति गठन गर्ने छ ।

महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजहरु तयार गर्न निम्नानुसारको मस्यौदा समिति गठन हुने छ ।

१. विश्लेषणात्मक राजनीतिक एवम् सङ्गठनात्मक प्रतिवेदन तथा पार्टीको आगामी कार्यदिशासम्बन्धी दस्तावेज

२. पार्टीको नीति तथा कार्यक्रमसम्बन्धी दस्तावेज (सैद्धान्तिक, वैचारिक तथा नीतिगत दस्तावेज)

जनमतका उपाध्यक्षले बुझाए अर्थमन्त्री र उद्योगमन्त्रीलाई ज्ञापन

काठमाडौं । सरकारी स्वामित्वका बन्द तथा रुग्ण उद्योगहरूको पुनरुत्थान तथा संचालन गरी रोजगारीको सिर्जना गर्ने सम्बन्धमा जनमत पार्टीका उपाध्यक्ष ई.दीपक कुमार साहले अर्थमन्त्री र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । जनमतका उपाध्यक्ष ई.साहले मंगलबार अर्थमन्त्री डा.प्रकाशशरण महत र उद्योगमन्त्री रमेश रिजाललाई ८बुँदे ज्ञापनपत्र बुझाएका हुन् ।

'आर्थिक उन्नतिको लागि उद्योग तथा कलकारखानामा राज्यले नै प्रत्यक्ष रूपले लगानी गरेर नै ती राष्ट्रहरूले समृद्धि र विकास हासिल गरेका हुन् ।' उनले ज्ञापनपत्रमा भनेका छन्, 'विश्वमा धुप्रै यस्ता उदाहरणीय र अनुकरणीय दृष्टान्तहरू छन् । राज्यले सकेको खण्डमा स्वयंले गरेर तथा नसकेको खण्डमा गर्न सक्नेहरूका लागि बाटो खोलेर राज्यहरू आर्थिक रूपमा अगाडि बढेका छन्, र द्रुत गतिमा आफ्नो देशको विकास र समृद्धि हासिल गरेर विश्वका सामु शिर ठाडो पारेका छन् ।'

उनले ज्ञापनपत्रमा '२०४६ सालको परिवर्तनपछि नेपालले उदारीकरणको नीतिलाई अख्तियार गरेपछि सरकारी स्वामित्वका उद्योगहरूलाई निजीकरण गरियो । निजीकरण हुन बाँकी सरकारी स्वामित्वका अन्य उद्योग तथा कलकारखाना पनि अहिले बन्द अवस्थामा छन् । कतै न कतै व्यापारी, कर्मचारी र राजनीतिक नेतृत्वका गलत नीति र बैचारिकीको कारण ती धराशायी भएका छन् । निजी र निजीकरणको आधार बजारीकरण हो भने बजारहरू आर्थिक विकासलाई प्रवर्द्धन गर्ने शक्तिशाली संयन्त्रहरू हुन्, तर तिनीहरू प्राय: आर्थिक गतिशीलता र दिगो आर्थिक विकासलाई चाहिने सामाजिक न्यायसहित उत्पादन गर्न असफल हुन्छन् । बजारले गरिबहरूको आधारभूत आवश्यकता पर्याप्त रूपमा पूरा गर्न सक्दैन भन्ने कुरो सरकारी स्वामित्वका बन्द तथा रुग्ण उद्योगहरूको स्थितिले प्रस्ट भइसकेको छ ।' उल्लेख गरेका छन् ।

आजपाद्वारा माघ ११ गते मधेश बन्दको घोषणा

रौतहट । आम जनता पार्टी (आजपा) ले आउँदो ११ माघमा मधेस बन्दको घोषणा गरेको छ । 'बैंकले लिइरहेको मनोमानी ब्याज फिर्ता, लघुबित्त तथा सहकारीबाट लिएको कर्जा माफी तथा आम जनतालाई सहज कर्जा उपलब्ध गराउन' माग गर्दै आजपाले ११ माघमा मधेश बन्द गर्ने घोषणा गरेको हो ।

जपा मधेस प्रदेश कमिटी र बैंक तथा वितिय पीडित संघर्ष समितिले मधेस बन्दको घोषणा गरेको हो । यि विभिन्न माग गर्दै आजपाले यस अघि मधेस प्रदेशको राजधानी जनकपुरधाममा विरोध प्रदर्शन गरेको थियो ।

सरकारसंग यि माग गर्दै आजपाले यथासिघ्र सम्बोधन गर्न आग्रह गरेको थियो । तर सरकारले आफूहरुको माग सम्बोधन गर्ने बिषयलाई गम्भिर रुपमा नलिएको भन्दै आजपाले आम हडताल गर्ने अवस्थामा पुगेको हो ।

आजपा मधेस प्रदेशका ईन्चार्ज सुधिर यादव र अध्यक्ष उमेश कुशवाहाले संयुक्त रुपमा एक विज्ञप्ती जारी गर्दै सरकारलाई दबाब दिने उदेश्यले मधेस बन्दको घोषणा गरिएको जनाएका छन् ।

'हामी मागहरुको सम्बोधन गर्न निरन्तर आवाज उठाई रहे पनि सरकार गम्भिर नदेखिएको सन्दर्भमा बाध्य भई संघर्षको कार्यक्रम घोषणा गर्नु परेकोछ' आजपा मधेस प्रदेशका इन्चार्ज यादवले भने ।

आजपाले मधेस बन्द अघि १ देखी ९ माघ सम्म जिल्ला भेला तथा अन्तर्क्रिया कार्यक्रम गर्ने, १० माघमा मोटरसाईकल र्याली तथा सोही दिन साझ मसाल जुलुस र ११ माघमा मधेस बन्द गर्ने कार्यक्रम सार्वजनिक गरेको छ ।

यस अघि आजपाले १० माघमा मधेस बन्द सहित विभिन्न कार्यक्रम घोषणा गरेको भए पनि त्यसलाई परिमार्जन गर्दै ११ माघमा राष्ट्रिय सभाको निर्वाचनकै दिन मधेस बन्दको कार्यक्रम सार्वजनिक गरेको छ । रौतहटको चन्द्रनिगाहपुरमा बसेको बैठकले आन्दोलनका कार्यक्रम परिमार्जन गर्ने निर्णय गरेको हो ।

यसैगरी आजपाले बिरगंजमा विभिन्न राजनीति दलका प्रतिनिधि, पीडित, सरोकारवाला लगायतको सहभागितामा सर्वपक्षीय छलफल गरेको थियो । आजपा अध्यक्ष एंव पुर्वमन्त्री प्रभु साहको बिशेष सहभागिता सो छलफल भएको थियो । यी विषयमा आजपाले निरन्तर आवाज उठाउदै आएको तर सरकारले कुनै सुनुवाई नगरेपछि बाध्य भएर आफुहरु आन्दोलनमा उत्रिनु परेको आजपा केन्द्रिय सदस्य एंव कार्यालय सचिव बालकृष्ण सापकोटाले बताए।

सम्पादकीय

शहीदहरूप्रति नमन

महान मधेश विद्रोहको अवसरमा शहीदहरुलाई स्मरण गर्दै माघ ५ गते समग्र मधेशले बलिदानी दिवस मनाइरहेको छ । ठीक १७ वर्षअगाडि २०६३ माघ ५ गते सिराहाको लहानबाट मधेश आन्दोलनको सुरुआत भएको थियो । सो आन्दोलनमा मधेशका लागि सहादत दिने पहिलो सहिद बनेका थिए, रमेश महतो । महतोले सहादत प्राप्त गरेसँगै मधेश आन्दोलन चर्किएको थियो । सो दिन नेपालको इतिहासमा खासगरी मधेशी जनताको मानसपटलमा बलिदानी दिवसको रुपमा दर्ज भएको छ ।

माघ ५ गतेको घटनाले सिर्जना गरेको मधेश आन्दोलन नेपाललाई संघीय मुलुकमा रुपान्तरण गर्न कोसेढुंगा साबित भयो । बितेको १७ वर्षमा मधेश र देशले माघ ५ को जगमा धेरै कुरा पाएको छ । मधेशीको पहिचान, स्वाभिमान र आत्मसम्मान नै मधेश आन्दोलनको सन्देश हो । यसले नेपालको राजनीतिमा नवीन युगको सूत्रपात गरेको छ, जसमा उत्पीडित र सीमान्तकृत समुदायको प्रतिरोधको राजनीतिले नयाँ उचाइ र नयाँ आत्मविश्वासका साथै मुलुकले संघीय स्वरुप प्राप्त गरेको हो ।

२१ दिनसम्म चलेको मधेश विद्रोहमा ५४ जना सहिद भए । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दुईपटक जनताको नाममा सम्बोधन गरेपछि विद्रोह रोकियो । प्रदर्शन रोकिएको महिनौँपछि सरकारले उपेन्द्र यादव नेतृत्वको फोरमसँग २२ बुंदे सम्झौता गऱ्यो । दोस्रो संविधान सभाबाट संविधान जारी गर्न लाग्दा तेस्रो मधेश आन्दोलन भयो । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको नेतृत्वमा तयारीका साथ तेस्रो मधेश आन्दोलन भएको थियो । प्रदर्शनकारीहरु ठूलो संख्यामा मारिन थालेपछि प्रदर्शनकारीहरुले नेपाल-भारतको सीमा क्षेत्रमा बसेर नाका अवरुद्ध गरे । यसलाई भारतीय नाकाबन्दीका रुपमा पनि चिनिन्छ । मधेश विद्रोहको यस १७ वर्षको अवधिमा मधेशीले के गुमाए र के पाए भन्ने कुराको विश्लेषण पनि आवश्यक छ ।

मधेश विद्रोहमा मधेशमा बसोवास गर्ने सम्पूर्ण जात, समुदाय आन्दोलनमा होमिएका थिए । तर, १७ वर्षको बीचमा मधेशमा जातीय ध्रुवीकरण बढेको छ । मधेश विद्रोहपछिको 'थरुहट आन्दोलन'ले मधेश आन्दोलनको शक्तिलाई कमजोर बनाएको छ । यहाँसम्म कि माओवादी र एमाले-कांग्रेस थरुहट आन्दोलनमा बाडिँदा अहिलेसम्म पनि थारुहरुले थरुहट आन्दोलनका लागि दुईवटा शब्द प्रयोग गर्छन् । कांग्रेस-एमाले निकटहरुले 'थरुहट आन्दोलन' र माओवादी निकटहरुले 'थारुवान आन्दोलन' ।

मधेशभित्रको थारु र गैरथारुबीच तनाव उत्पन्न हुँदा राज्यले न त थारुको माग सम्बोधन गरेको छ न त मधेशीको नै । त्यस्तै, धार्मिक अल्पसंख्यक मुस्लिमलाई पनि राज्यले अलग्यायो । जबकि पहिलो मधेश विद्रोहमा सुरक्षाकर्मीबाट चारजना मारिएका थिए । तेस्रो मधेश आन्दोलनमा पनि तीनजना मारिएका थिए ।

प्रथम मधेश विद्रोहपश्चात् मधेशीबहुल भूगोल खुम्चिएको छ । पहिलो मधेश विद्रोहको नारा 'एक मधेश एक प्रदेश' थियो । तर, हाल मधेशको भू-भाग ६ वटा प्रदेशमा विभाजित गरिएको छ । जसमा एउटा प्रदेशबाहेक अन्य कुनै प्रदेशमा मधेश विद्रोह पक्षधरको शासन छैन । तत्कालीन २२ र हालको २३ जिल्लामा रहेको मधेशलाई ८ जिल्लामा खुम्च्याइएको छ । प्रदेश २ को प्रदेशसभाले २०७८ माघ ३ गते यसलाई 'मधेश प्रदेश' नामाकरण पनि गरेको छ । प्रथम मधेश विद्रोह हुँदा आत्मनिर्णयसहितको मधेश प्रदेश माग गर्ने पक्षधर निकै बलियो भएर आएका थिए । सोहीअनुसार राजनीतिक दल सक्रिय भए र प्रथम संविधान सभामा ठूलो संख्यामा मधेशी समुदायको प्रतिनिधित्व भएको थियो । तर, अहिले संख्या घटेको छ । मधेशमा यसअघि भकारी फोर आन्दोलन, मधेशीलाई दबाउने प्रवृत्तिका विरुद्ध 'मोछ उखाड' आन्दोलन भयो । त्यसपछि किसान आन्दोलन र स्वतन्त्र मधेश आन्दोलन पनि भए । तर, ती सबै आन्दोलन कुनै निष्कर्षमा पुगेनन् । संघर्ष जारी रह्यो ।

मधेश विद्रोहको १७ वर्षमा मधेशीहरुले आफ्नो अधिकार र राज्यका विभेदका विरुद्ध संघर्ष गर्न सिकेका छन् । सामान्य अधिकार पाउन पनि आन्दोलन चाहिन्छ भन्ने मानोविज्ञान मधेशीमा बसेको छ । मधेश विद्रोहको यस १५ वर्षमा मधेशीमा राजनीतिक सचेतना बढेको छ तर मधेशीले पाउने अधिकारबाट अहिले पनि वञ्चित छ । मधेश आन्दोलन पछि राजनीतिकर्मीहरुले पनि सत्ताको स्वाद भोग गरेका छन् । जसकारण उसले सत्ता साझेदारीमा जोड दिँदै छन् । मधेश आन्दोलनका शहीदहरुको सपना पूरा होस् । शहीदहरुप्रति हार्दिक श्रद्धासुमन ।

मधेश विद्रोह : एक संस्मरण

१०+१ प्रदेशको अवधारणा : एक संकल्प

सुरेश मण्डल

> मधेश आन्दोलन र मधेशी जनताको भावनानुकूल दुई मधेश प्रदेश र हाल प्रदेश नं. १ मा जारी पहिचानवादीहरुको आन्दोलनको मर्म र भावनानुसार नामाकरण गरी अहिलेको समस्याको समाधान गरिनुपर्छ । नेपाली राजनीतिमा सदैव सहमतीय तथा सहकार्य संस्कृतिको भूमिका रहँदै आएको तथ्यलाई बिर्सिनु हुँदैन ।

मधेश विद्रोहको १७ वर्ष भएको छ । २०६३ माघ १ गते तत्कालीन सात दल र नेकपा माओवादीले घोषणा गरेको अन्तरिम संविधानमा मधेश मुक्तिको मुख्य मुद्दा संघीयता विरुद्ध षड्यन्त्र भएको भन्दै माघ २ गते मधेशीहरुको साझा मञ्च फोरम नेपालले मधेश बन्द र अन्तरिम संविधान जलाएका थिए । त्यसै क्रममा काठमाडौंमा राज्यद्वारा गिरफ्तार गरिएका फोरम अध्यक्ष उपेन्द्र यादव लगायतका नेताहरुको रिहाईको निम्ति भइरहेको आन्दोलनमा माघ ५ गते सिराहाको लहानमा माओवादीले चलाएको गोलीबाट आन्दोलनकारी युवा रमेश महतोको हत्या भयो र मधेश आन्दोलनले विद्रोहको रुप धारण गऱ्यो । त्यसै दिनलाई मधेशवादी दलहरुले प्रत्येक वर्ष माघ ५ गते "बलिदानी दिवस" को रुपमा मनाउँदै आइरहेका छन् । नेपाली राजनीतिमा माघ महिनाले निकै महत्व राख्दछ । मौसमको हिसाबले जति चिसो भएपनि माहौलको हिसाबले मधेश लगायत सम्पूर्ण देश तातेको छ । हिजो मात्रै मधेश प्रदेश सरकारले मधेश प्रदेश र राजधानी नामाकरण गरेको दिनलाई 'मधेश स्वाभिमान दिवस' को रुपमा मनाएको छ । त्यस्तै, आज ५ गते मधेश प्रदेश सरकारकै आयोजनामा वीरगन्जमा 'बलिदानी दिवस' मनाइँदैछ । यसबाहेक देशको संघीय राजधानी काठमाडौंसहित तराई-मधेशका सबै जिल्लाहरुमा धुमधामका साथ आज बलिदानी दिवस मनाइरहेका छन् ।

मधेश विद्रोह अदभुत थियो । नेपालको राजनीतिक इतिहासमा २४ दिनसम्म अनवरत् बन्द र ४३ जनाको सहादत अरु कुनै आन्दोलन अथवा विद्रोहमा भएको थिएन । फेरि एक वर्ष पछि त्यसको पूरकको रुपमा भएको २०६४ फागुनको मधेश आन्दोलन जुन १६ दिनसम्म चलेको थियो र थप १० जना शहीद भएका थिए । त्यसपछि मधेश आन्दोलनको मर्म र भावनाविपरीत २०७२ को संविधान जारी भइरहँदा लगातार ६ महिना आन्दोलन र थप ५६ जनाको शहादत भएको थियो । त्यस्तै, २०७३ मा मलेठ घटनामा पनि ५ जनाले शहादत दिएका छन् । मधेश विद्रोह मधेशमा केन्द्रित रहे पनि त्यो राष्ट्रिय आन्दोलन थियो । मधेश आन्दोलनबाट सम्बोधन भएका संघीयता, समावेशिता, समानुपातिक प्रतिनिधित्व, निर्वाचन प्रणाली, नागरिकता समस्या सबै राष्ट्रिय मुद्दाहरु हुन् । यसबाट मधेशी मात्र नभई पहाड र हिमालका जनजाति, दलित, महिला सबैले अधिकतम् उपलब्धि पाएका थिए ।

मधेश राजनीति वर्तमान बदनाम र विभाजित छन् । राज्यको 'डिभाइड एण्ड रुल' रणनीति अनुरुप नै मधेशलाई ६ टुक्रामा विभाजित गरियो । दुर्भाग्य नै भन्नुपर्छ, राज्यको विभेदकारी नियतिको कारण आर्थिक समृद्धि र राष्ट्र निर्माण एजेन्डा हुनुपर्ने बेलामा हामी यस देशका बहुसंख्यक मधेशी, जनजाति, दलित, मुस्लिम र महिला पहिचान र अधिकारका निम्ति राजनीतिक सामाजिक मुद्दामा अल्झेका छौं । हाम्रो व्यक्तिपिच्छे विचार समूह र अभियानहरु खुलेका छन् । युवाहरु अन्यौल र परआश्रित छन् । मधेशका बहुसंख्यक युवाहरु खाडी मुलुकमा दुख काटिरहेका र केही राजनीतिप्रति नै उदासिन छन । आम मधेशी जनता के सही र के गलत छुट्याउन सकिरहेका छैनन् । मधेशी मठाधिसहरुलाई कहि कतैबाट थ्रेट महसुस भइरहेको छैन । मधेशका मिडिया र नागरिक समाज विभाजित तथा निकै कमजोर अवस्थाबाट गुज्रिरहेका छन् ।

भर्खर कार्तिक महिनामा कण्ठी तोडेर माछा खाएका र पुनः मसिरमा वैष्णव भएका जोगीहरु जीउमा खरानी दलेर मधेशको मसीहा बन्ने कसरत गरिरहेका छन् । पटक-पटक मन्त्री भई मस्ती गर्नेहरुको हाल बेहाल छ । उनीहरु अस्तित्व संकटबाट गुज्रिरहेका छन् । सबै आ-आफ्नै डम्फू बनाउन तल्लीन छन् । मधेश राजनीति चिरा-चिरामा विभाजित छन् । मूलधारको मानिने जसपा नेपाल मधेशमा झन् मजबुती प्राप्त गर्नुपर्नेमा हिमाल र पहाड उक्लिने प्रयास गरिरहेको छ । यता, लोसपा, जनमत र नागरिक उन्मुक्ति पार्टीहरुमा मतभेद र मनभेद दुवैले जडा गाडेको छ । सबै आ-आफ्नै राग अलाप्न मग्न छन् । मधेशी र भ्यागुता एक ठाउँ बस्न सक्दैन अरे भन्ने भनाइ चरितार्थ भएको छ । मधेशको सबभन्दा ठूलो समस्या नै एक अर्काको नेतृत्व र अस्तित्व स्वीकार नगर्नु नै हो । कुनै कालखण्डमा कुनै कारणवश ज्ञात अज्ञात तवरले एकचोटि अध्यक्ष भइसकेपछि त्यो व्यक्ति कहिले पनि सदस्य बन्न चाहदैन । आजीवन अध्यक्ष बनिरहन

रुचाउँछन् । अध्यक्षकै हैसियतमा मर्न मन पराउँछन् । यतिखेर मधेशवादी शक्तिहरु एकजुट भई संविधानसभाताका राज्य पुनर्संरचना समितिको बहुमतको प्रतिवेदन १०+१ को अवधारणामा अगाडि बढि संघर्ष गर्नुपर्ने देखिन्छ । अनि मात्रै मधेश आन्दोलनको भावनानुसार पूर्व मेचीदेखि नारायणीसम्म मधेश प्रदेश र नारायणीदेखि पश्चिम महाकालीसम्म थरुहट/तराई प्रदेश पूरा हुन सक्छ । यसको लागि मधेशवादी शक्तिहरुबीच एकता र सहकार्यको आवश्यकता छ । एकले अर्काको अस्तित्वलाई स्वीकार गरी अगाडि बढ्नुको विकल्प छैन ।

यता नेपाली कांग्रेस र नेकपा एमालेको भ्रम बुझिनसक्नु छ । प्राविधिक कारणले चुनाव जितेका यी दुई दल आंकलन भन्दा बढी मत पाएकोमा मातेका छन् । यिनीहरु मतादेश र जनादेशबीच फरक छुट्याउन सकेकै छैनन् । मधेशवादी दलसँग असन्तुष्ट तर मधेशी अधिकारको चाहना राख्ने तथा कांग्रेस-एमालेलाई मतदान गरेका मधेशी जनता पछुतो मानिरहेका छन् । खासगरि मधेशलाइ टुक्राटुक्रा गरि कमजोर बनाउने र मधेशीमाथी शासन गरिरहने कांग्रेस-एमालेको षडयन्त्र हेरेर उनीहरु पछुताइरहेका छन् । त्यसकारण मतादेशको दुई तिहाई कांग्रेस एमालेसँग भएपनि जनादेशको दुई तिहाईभन्दा पनि बढी अधिकार र पहिचानवादी भावनासँग छ । अर्थात् परिवर्तनको पक्षमा छ । बहुमतीय प्रक्रियाबाट बनेको एकल जातीय तथा मधेशी, आदिवासी जनजाति, दलित विरोधी संविधान टिकाउ हुन सक्दैन भन्ने कुरा प्रमाणित हुँदै गइरहेको छ । नेपालमा छैटौं पटक संविधान लेखिए तापनि आजसम्म किन कुनै पनि संविधान टिकाउ हुन सकेन ? समीक्षा गर्न जरुरी छ । त्यसकारण संविधानमा देखिएका त्रुटि, असन्तुष्टि र जटिलताप्रति कांग्रेस, एमाले र माओवादी संवेदनशील हुने पर्दछ । तर्क-कुतर्क गरेर जनआन्दोलन, जनयुद्ध, मधेश विद्रोह, मधेश आन्दोलन र आदिवासी जनजाति आन्दोलनको मर्म र भावनाविरुद्ध बोल्नु केवल मूर्खता हो । यसले अकल्पनीय दुर्घटना निम्त्याउन सक्छ ।

निकै आरोह अवरोहको सामना गर्दै नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र यो मोडसम्म आइपुगेको छ । यो संविधानको मूलतः चारवटा स्तम्भहरु छन् । संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशिता । यीमध्ये कुनै एउटा स्तम्भ (पिलर) लाई भत्काउन खोजिए यो संविधानरुपि घर भत्ताभुङ्ग हुने निश्चित छ । संघीयता र समावेशिता महान मधेश विद्रोह र आन्दोलनको देन हो । त्यस्तै, गणतन्त्र र धर्मनिरपेक्षता माओवादी, जनजाति र दलित संघर्षको उपज हो । त्यसकारण यी चार पिलरमध्ये कुनै एउटा चलाए देशमा पुनः अस्थिरताको अवस्था सिर्जना हुने निश्चित छ । पछाडि फर्किने बाटो छैन । बरु संविधानलाई अझै संशोधन र परिमार्जनको माध्यमले थप अधिकारमुखि बनाई असन्तुष्ट तथा आन्दोलनरत् पक्षहरुलाई विश्वासमा लिई दीर्घकालीन समाधानको बाटो तर्फ लाग्नुपर्छ । संविधानलाई अविलम्ब संशोधन र परिमार्जन गरी सबैले अपनत्व महसुस गर्ने 'हाम्रो संविधान, राम्रो संविधान' बनाउनुपर्छ । नेपाली जनताको ६ दशकको लामो संघर्षपश्चात् यो संविधान आएको हो । यसलाई सर्वमान्य र सर्वस्वीकार्य बनाउने हामी सबैको दायित्व हो । मधेशी, जनजाति, दलित र महिलालाई अधिकार सम्पन्न बनाउनु हाम्रो कर्तव्य हो । शान्ति, संविधान र समृद्धि एक अर्काका परिपूरक हुन् । स्थायी संविधानले स्थायी शान्ति दिन सक्छ र स्थायी शान्तिले मात्र समृद्धि प्रदान गर्न सक्छ । यसका निम्ति सहमतीय राजनीतिको विकल्प छैन । राजनीतिक रुपले कमसेकम चार शक्ति कांग्रेस, एमाले, माओवादी र मधेशवादी साथै सामाजिक रुपले मधेशी, जनजाति, दलित र खसआर्यबीच सहमति हुन अनिवार्य छ ।

अन्तमा, पहिचान र अधिकार निकै संवेदनशील विषय हो । यहीबाट कुनै मुलुक बनेको र कुनै बर्बाद भएको छ । भारतमा गान्धी र नेहरुले जिन्ना तथा मुस्लिम समुदायको भावनालाई समेट्न नसक्दा पाकिस्तानको जन्म भयो । नेपालमा पनि खासगरी मधेशी र जनजातिको चित्त बुझाउन सकेन भने देश थप द्वन्द्वतिर धकेलिन सक्छ र अन्तत दुखद परिणाम निमत्याउन सक्छ । तसर्थ मधेश आन्दोलन र मधेशी जनताको भावनानुकूल दुई मधेश प्रदेश र हाल प्रदेश नं. १ मा जारी पहिचानवादीहरुको आन्दोलनको मर्म र भावनानुसार नामाकरण गरी अहिलेको समस्याको समाधान गरिनुपर्छ । नेपाली राजनीतिमा सदैव सहमतीय तथा सहकार्य संस्कृतिको भूमिका रहँदै आएको तथ्यलाई बिर्सिनु हुँदैन । तसर्थ, देशका जिम्मेवार राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र जसपा लगायत मधेशवादी शक्तिहरु बीच पहलकदमी लिई यो डेडलकको ब्रेकथ्रु गर्न सक्नु नै आजको युगिन आवश्यकता हो ।

(लेखक जसपा नेपालका राजनीतिक समिति सदस्य एवं मधेश प्रदेशका पूर्वमन्त्री हुन् ।)

२०६५ सालदेखि हालसम्म मधेशी कित्ताका मन्त्रीहरू

मन्त्रालय	मन्त्रीहरु
उपप्रधान	विजयकुमार गच्छदार, उपेन्द्र यादव, राजेन्द्र महतो
संघीय मामिला तथा स्थानीय विकास	विजयकुमार गच्छदार, जनकराज चौधरी, हृदयेश त्रिपाठी, अनिता यादव
रक्षा	शरतसिंह भण्डारी, विजयकुमार गच्छदार, रामवचन अहिर यादव
गृह	विजयकुमार गच्छदार
सूचना तथा सञ्चार	जयप्रकाश गुप्ता, राजकिशोर यादव, सुरिता साह
कृषि	जयप्रकाश गुप्ता, मुगेन्द्रसिंह यादव, हरिनारायण यादव, अकवाल अहमद शाह, नन्दन दत्त, ओमप्रकाश यादव गुल्जारी, मुगेन्द्र सिंह यादव
आपूर्ति	राजेन्द्र महतो, सरोज यादव, विजय यादव
उद्योग	महेन्द्र प्रसाद यादव, दानबहादुर चौधरी, अनिल झा, खोभारी राय, राजकिशोर यादव
शिक्षा	रेणु यादव, रामचन्द्र कुशवाहा, सर्वेन्द्रनाथ शुक्ल, गोविन्द चौधरी, अशोक राई, प्रमिला यादव
स्वास्थ्य तथा जनसंख्या	राजेन्द्र महतो, सरोज यादव, रामजनम चौधरी, मो. मुस्ताक आलम, उपेन्द्र यादव, डा.सुरेन्द्र यादव
परराष्ट्र	उपेन्द्र यादव
श्रम तथा यातायात	इस्तियाक राइन, सरिता गिरी, विमल प्रसाद श्रीवास्तव, शरतसिंह भण्डारी
भौतिक योजना तथा निर्माण	विजयकुमार गच्छदार, हृदयेश त्रिपाठी, ईश्वर दयाल मिश्र, संजय साह, करिमा बेगम, कलावती देवी पासमान, मो.इस्तियाक राई
कानून तथा न्याय	वृजेश गुप्ता, काशी देवी झा, उपेन्द्र यादव
महिला, बालबालिका तथा समाज कल्याण	सर्वदेव ओझा, रामवचन यादव अहिर, दानबहादुर चौधरी, अरविन्द साह, चन्दा चौधरी, रेणुका गुरुङ
पर्यटन तथा नागरिक उड्डयन	शरतसिंह भण्डारी, शत्रुघनसिंह कोइरी, जितेन्द्र नारायण देव, सुमित्रा थरुनी, उमाशंकर अरगरिया
सिंचाइ	महेन्द्र प्रसाद यादव, रमणी राम
युवा तथा खेलकुद	गणेश नेपाली, चन्दा चौधरी, एकवाल मियाँ
विज्ञान, प्रविधि तथा वातावरण	हेमराज ताँतेज, दुर्गा देवी महतो
विना विभागीय	लक्ष्मण लाल कर्ण, राजलाल यादव
वन तथा भूसंरक्षण	वकिल गुरालगान, लक्ष्मण गेहता, प्रदीप यादव
भूमिसुधार	गोपाल दहित, यशोदा लामा
सहरी विकास	मो.इस्तियाक राई, राजेन्द्र महतो
ऊर्जा, जलस्रोत तथा सिंचाइ	शरतसिंह भण्डारी, चन्द्रकान्त चौधरी
खानेपानी	अनिल कुमार झा, मो.अब्दुल खान
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	लक्ष्मण लाल कर्ण, रञ्जिता श्रेष्ठ

को कसिपटक मन्त्री भए ?

६ पटकसम्म मन्त्री भएका
१. विजयकुमार गच्छदार

चार पटकसम्म मन्त्री भएका
१. शरतसिंह भण्डारी
२. राजेन्द्र महतो
३. महेन्द्र यादव

तीन पटकसम्म मन्त्री भएका
२. उपेन्द्र यादव
३. मुगेन्द्र सिंह यादव

दुई पटकसम्म मन्त्री भएका
१. जयप्रकाश गुप्ता
२. रामवचन यादव अहिर
३. सरोज यादव
४. दानबहादुर चौधरी
५. हृदयेश त्रिपाठी
६. राजकिशोर यादव
७ अनिल झा
८. चन्दा चौधरी
९. लक्ष्मण लाल कर्ण
१०. रेणु यादव

एक पटक मन्त्री भएका
१. सुरिता साह
२. हरिनारायण यादव
३. अकवाल अहमद शाह
४. नन्दन दत्त
५. ओमप्रकाश यादव गुलजारी
६. विजय यादव
७. खोभारी राय
८. अब्दुल खान
९. रामचन्द्र कुशवाहा
१०. सर्वेन्द्रनाथ शुक्ला
११. गोविन्द चौधरी
१२. रारिता गिरी
१३. इश्वरदयाल मिश्र
१४. संजय साह
१५. करिमा बेगम
१६. कलावतीदेवी पासवान
१७. वृजेश गुप्ता
१८. काशीदेवी झा।
१९. सर्वदेव ओझा
२०. अरविन्द साह
२१ शत्रुघनसिंह कोइरी
२२. रमणी राम
२३. गणेश नेपाली
२४. हेमराज ताँतेङ
२५. दुर्गादेवी महतो
२६. राजलाल यादव
२७. वकिल मुसलमान
२८. लक्ष्मण मेहता
२९. रामजनम चौधरी
३०. मो. मुस्ताक आलम
३१. गोपाल दहित
३२. जितेन्द्र नारायण देव
३३. जनकराज चौधरी
३४. सुमित्रा थरुनी
३५. यशोदा लामा
३६. डा.सुरेन्द्र यादव
३७. विमलप्रसाद श्रीवास्तव
३८. उमाशंकर अरगरिया
३९. एकवाल मियाँ
४०. चन्द्रकान्त चौधरी
४१. रेणुका गुरुङ
४२. अब्दुल खान
४३. अनिता यादव
४४. रञ्जिता श्रेष्ठ
४५. अशोक राई
४६. प्रमिला यादव

मधेशकेन्द्रित दलका नेताहरु ९१ पटक मन्त्रालय सम्हाले ।

(वि.सं. २०६५ देखि २०८० माघ ५ गतेसम्म)

मधेशी जनताको नाममा थालिएको राजनीतिक संघर्षको इतिहास (वि.सं. २००८-२०८०)

वि.सं.	पार्टी	अध्यक्ष	राजनीतिक एजेन्डा
२००८	तराई कांग्रेस	कुलानन्द झा, वेदानन्द झा, बाबा रामजनम तिवारी	तराई स्वायत्त राज्य, हिन्दी भाषा, क्षेत्रीय भाषा, सुरक्षा निकायमा मधेशी पहुँच ।
२०१५	मधेश जनक्रान्ति दल	रघुनाथ ठाकुर "मधेशी"	एकात्मक शासन प्रणालीबाट मधेश मुक्तिको माग।
२०४१	नेपाल सद्भावना परिषद्	राजेन्द्र नारायण सिंह, बाबा रामजनम तिवारी	तराईलाई स्वायत्तता
२०४७	नेपाल सद्भावना पार्टी	राजेन्द्र नारायण सिंह	तराई मधेश स्वायत्त प्रदेश
२०५४	मधेशी जनअधिकार फोरम (गैरसरकारी सस्था)	महानन्द ठाकुर	संघीय प्रणाली, राष्ट्रिय पहिचान, क्षेत्रीय स्वशासन र आत्मनिर्णयको अधिकार
२०५९	नेपाल सद्भावना पार्टी (आ.)	आनन्दी देवी सिंह	हिमाल, पहाड र तराई गरी तीन स्वायत्त प्रदेश लगायत भाषा, संस्कृति र उपप्रदेशको निर्माण
२०६४	मधेशी जनअधिकार फोरम, नेपाल	उपेन्द्र यादव	संघात्मक शासन, समग्र मधेश एक प्रदेश, समानुपातिक समावेशीकरण
२०६४	तराई मधेश लोकतान्त्रिक पार्टी	महन्थ ठाकुर	संघीयता, स्वायत्त मधेश प्रदेश
२०६४	सद्भावना पार्टी	राजेन्द्र महतो	स्वायत्त मधेश प्रदेश, समानुपातिक र समावेशीकरण
२०६८	मधेशी जनअधिकार फोरम गणतान्त्रिक	जेपी गुप्ता	स्वायत्त मधेश प्रदेश लोकतान्त्रिक व्यवस्था र समाजवाद, अनुपातिक समावेशीकरण
२०६९	स्वतन्त्र मधेश गठबन्धन	डा. सीके राउत	मधेश स्वतन्त्र राष्ट्र निर्माण
२०७४	राष्ट्रिय जनता पार्टी नेपाल	महन्थ ठाकुर	स्वायत्त मधेश २ प्रदेश, समानुपातिक र समावेशीकरण
२०७५	जनमत पार्टी	डा.सीके राउत	असन्तुष्टिहरुलाई जनअभिमतमा आधारित लोकतान्त्रिक विधिबाट समाधान गर्ने
२०७६	समाजवादी पार्टी	डा.बाबुराम भट्टराई/उपेन्द्र यादव	१०+१ को संघीय राज्य स्थापना, समानुपातिक र समावेशीकरण
२०७७	जनता समाजवादी पार्टी नेपाल	महन्थ ठाकुर/उपेन्द्र यादव	लोकतान्त्रिक समाजवाद
२०७८	लोकतान्त्रिक समाजवादी पार्टी नेपाल	महन्थ ठाकुर	लोकतान्त्रिक समाजवाद
२०७८	तराई-मधेश लोकतान्त्रिक पार्टी	वृषेश चन्द्र लाल	लोकतान्त्रिक समाजवाद
२०७९	नागरिक उन्मुक्ति पार्टी	रञ्जिता श्रेष्ठ	लोकतान्त्रिक समाजवाद

मधेश आन्दोलनका शहीदहरू

मधेशी शहीदहरू-२०६४

१. रमेश महतो
२. प्रमोद सदा
३. बेचन यादव
४. विजय सहनी
५. अनीस राईन
६. तल्लु हस्दा हेमरम
७. सदानन्द यादव
८. निर्मल राजबंशी
९. राजकुमार कामत
१०. दिनदयाल मण्डल
११. बेचन मियाँ
१२. श्याम सुन्दर मेहता
१३. हरि मेहता
१४. रामस्वरूप मेहता
१५. अनिल ऋषिदेव
१६. भगवती मण्डल
१७. विस्कुट मियाँ
१८. लखन साफी
१९. जितेन्द्र मरवैता
२०. राजेश यादव
२१. रामानन्द मेहता
२२. गुल्टेन दास
२३. छुतहरू मुखिया
२४. भुल्की यादव
२५. गंगा दास
२६. कारी ठाकुर
२७ शिवशंकर यादव
२८. ब्रह्मदेव ठाकुर
२९. राजेश ठाकुर
३०. कैयूम दफाली
३१. आशिफ अली मिकरानी
३२. दिनेश राय यादव
३३. रामनारायण साह
३४. राम एकबाल राय
३५. संजय कुमार राय यादव
३६. जिवधारी यादव
३७. शेष अब्दुल असरफ
३८. मजिद महम्मद मंसूर
३९. जमिर आलम
४०. दिपेन्द्र साह
४१. महावीर साह
४२. विरवल मुखिया
४३. भगवती यादव
४४. असलम पठान
४५. चन्द्रिका यादव
४६. कोइली कोरी
४७. खोडहे गोरिया
४८. तुलाराम तिवारी
४९. काशीराम हरिजन
५०. माता प्रसाद वर्मा
५१. गुल्जार खाँ
५२. कमल गिरी
५३. जगदीश पासवान
५४. जिलेराम यादव

मधेशी शहीदहरू-२०७२

१ टीकाराम गौतम
२ यमबहादुर बिसी
३ गोपालसिंह रजवार
४ राजेन्द्र (राजीव) राउत
५ दुर्गेश यादव
६ सुनील यादव
७ सुधीराम यादव
८ रामेश्वर पासी
९ शैलेन्द्र श्रीवास्तव
१० हरिबहादुर कुँवर
११ राजकिशोर ठाकुर
१२ लक्ष्मण न्यौपाने (एसएसपी)
१३ बलराम विष्ट (इन्स्पेक्टर)
१४ केशवराज बोहरा (इन्स्पेक्टर)
१५ लोकेन्द्र चन्द (प्रहरी जवान)
१६ लक्ष्मण खड्का (प्रहरी जवान)
१७ रामबिहारी ठाकुर (प्रहरी हवल्दार)
१८ ललित साउद (प्रहरी हवल्दार)
१९ टेकेन्द्र साउद (वर्ष २)
२० चिन्कु दगौरा थारू (आन्दोलनकारी)
२१ दिलीप चौरसिया
२२ धर्मराज सिंह
२३ दीनानाथ साह
२४ भोला साह
२५ सोहन साह कलवार
२६ हिफाजत मियाँ
२७ रामकृष्ण राउत
२८ रोहन चौधरी
२९ रामविवेक यादव
३० अमित कापड
३१ विरेन्द्र बिच्छा
३२ थमनबहादुर विक (सशस्त्र प्रहरी असई)
३३ रामशिला मण्डल
३४ गणेश चौधरी
३५ निकु यादव (वर्ष १८)
३६ संजय चौधरी
३७ दिलीप यादव (वर्ष १३)
३८ चन्दन पटेल (वर्ष ४)
३९ रञ्जना क्षेत्री (वर्ष १४)
४० राजकुमार बराई
४१ विन्दू लाकोल
४२ नन्दनी पाण्डेय
४३ शत्रुधन पटेल
४४ रामप्रदीप महतो धुनियाँ
४५ सौगाती मुराऊ
४६ आशिष राम (भारतीय)
४७ वीरेन्द्र राम
४८ नागेश्वर यादव
४९ दिलिप साह
५० शिवशंकर दास
५१ महोम्मद तबरेज शम्स आलम
५२ शेख मैरुद्दिन
५३ महादेव ऋषिदेव
५४ शिवू माझी
५५ द्रोपदीदेवी चौधरी
५६ नागेन्द्र ठाकुर

शहीदहरु २०७३ (सप्तरी)

१ सज्जन मेहता
२ पिताम्बर मण्डल
३ आनन्द साह
४ वीरेन्द्र महतो
५ इनरदेव यादव

शहीद २०७४

१ रघु साफी
२ दुखीलाल मेहता

राष्ट्रिय मुक्ति क्रान्ति

बहुलराष्ट्रिय राज्य स्थापनाको निम्ति आह्वान

– राजेन्द्र महतो
– बुद्धछिरिङ मोक्तान

ज्ञानोदय वा उद्बोधन यूगको जगमा बिकास भएको राजनीतिक उदारवादले प्रस्ताव गरेको उदार-लोक्तान्त्रिक पूँजिवादी राज्यहरुमा समाजको आधारभूत अँग (Building Block) "व्यक्ती" हुने ठहर गऱ्यो र समाज तथा राज्य व्यवस्था निर्माणमा एक स्वतन्त्र व्यक्ती आफै सार्वभौम शक्तीको स्रोत हुने मान्यता स्थापित भयो । यो अवधारणाले त्यस भन्दा पहिलेकोसमाज तथा राज्य व्यवस्थाको सार्वभौम शक्ती ईश्वर हुने धार्मिक किंवदन्तीको प्रस्तावलाई अस्विकार गऱ्यो र धर्म सापेक्षित समाजहरु तथा राज्यहरुलाई धर्म निरपेक्षित समाज तथा राज्य व्यवस्थामा बदल्ने क्रमको शुरुवात गऱ्यो । ईतिहासको यो विशिष्ट क्रमलाई आधुनिक यूग भन्यो र यूरोपबाट शुरुवात भएको यो प्रकृयालाई विशाल आधुनिकीकरण योजना (grand modernization project) को माध्यमद्वारा संसारभर फैलाउने कार्यको शुरुवात गऱ्यो ।

३.२ मार्क्सवादः

कालिक रुपमा मार्क्सवाद उत्तर-ज्ञानोदय (Post–enlightenment) राजनीतिक दर्शन हो । मार्क्सवादले ज्ञानोदय कालिन तर्क र प्रमाणहरु भित्र अन्तर्निहित सिमाहरुलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको दार्शनिक आलोकद्वारा उदाङ्गो पाऱ्यो । मार्क्सवादले मुख्यतः दार्शनिक उदारवादको व्यक्ती स्वतन्त्रता तथा सार्वभौमिक्तताको रुढोक्ती (Cliché) भित्रको वर्गिय राजनीति अर्थात स्वार्थमाथि कडा प्रहार गऱ्यो । मार्क्सवादको जोड आर्थिक समानता रह्यो । जबसम्म समाजका सदस्यहरु विच आर्थिक समानता कायम हुँदैन वा आर्थिक समानतालाई स्थापित गर्ने समाज तथा राज्य व्यवस्था निर्माण हुँदैन तबसम्म समाजमा व्यक्तीको स्वतन्त्रता कायम हुनै नसक्ने ठोकुवा गऱ्यो र त्यसलाई तर्क तथा प्रमाणको आधारमा सावित गऱ्यो । एक व्यक्ती समाजको सदस्यको रुपमा कहिल्यै पनि स्वतन्त्र हुन्न जबसम्म समाज वर्गविहिन हुँदैन । वर्गिय समाजमा एक व्यक्ती आफु पनि वर्गिय रुपमा विभाजित हुन्छ । यसर्थ उसको चेतना पनि त्यसरि नै आ-आफ्नो वर्ग स्वार्थ अनुसार निर्माण हुन्छ । आफु भन्दा अगाडिका सम्पूर्ण दार्शनिक मतहरुलाई कटाक्ष गर्दै मार्क्सले घोषणा गऱ्यो कि, "वस्तुगत सत्य मानव सोंचसँग सम्वन्धित हुन्छ कि (हुन्न? भन्ने) विवादका विषय सिद्धान्तको प्रश्न होइन, तर व्यवहारिक प्रश्न हो,' । विचारको सत्य, अर्को शब्दमा वास्तविक्ता तथा शक्ती व्यवहारमा देखिनु पर्दछ । विचारको वास्तविक्ता वा अवास्तविक्ता भन्ने जस्तो वादविवाद जुन अभ्यासबाट वियुक्त छन, विशुद्ध शास्त्रीय विषय हो .... दर्शनशास्त्रीहरुले विभिन्न तरिकाद्वारा संसारको व्याख्या मात्र गरेका छन, तर वास्तविक कार्य यो वदल्नु हो ।"

संसारका मार्क्सवादी कम्युनिष्टहरू जो आफुलाई ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दावा गर्दछन उनीहरू संसारको ईतिहासमा ठुलाठुला परिवर्तनहरु बिना कुनै दुई पक्षविचको द्वन्द्व भएको छैन र भविष्यमा पनि हुने छैन भन्ने तर्क गर्दछ । मार्क्स-एँगेल्सले सन १८४७ मा जारी गरेका कम्युनिष्ट घोषणा पत्रमा "अहिलेसम्म अवस्थित संपूर्ण समाजको ईतिहास वर्ग संघर्षको ईतिहास हो" भनि दावी प्रस्तुत गरियो । ऐतिहासिक वर्ग-संघर्षको नियम अनुसार पूँजिबाद बिकासको पछाडि वुर्जुवा पूँजिपतिहरु र सामन्तहरु विचको संघर्षबाट भएको थियो । त्यस्तै समाजवाद वा साम्यवादको उदयको निमित्त सर्वहारा वर्ग र वुर्जुवा वर्ग विचको द्वन्द्वले गराउने छ भनियो । यी वर्गहरुको विच पनि स्पष्ट दोषीरेखा थियो । क्रान्तिले दोषीरेखा मेटाए पश्चात समाज नयाँ ढंगले अगाडि बढ्न सफल भयो भन्ने दावी गरियो । यसर्थ, मार्क्सवाद दर्शनमात्र होइन संसार बदल्ने विज्ञान पनि हो भन्ने दावी गरियो ।

३.३ स्व-देशवादः

स्व-देशवाद जीवन-जगतलाई बुझ्ने, व्याख्या गर्ने र परिवर्तन गर्ने नविन राजनीतिक दर्शन प्रणाली हो । यो विश्व स्व-देशी (आदिवासी) जनताको स्व-देशी ज्ञानको स्रोतबाट बिकास भएको एक सार्वभौम सिद्धान्त हो जुन स्व-देशी जनता मात्र होइन सम्पूर्ण जीवन-जगतको कल्याणको निमित्त अपरीहार्य भएको छ । ज्ञानको स्रोतको रुपमा यसले स्व-देशी जनतालाई मान्दछ भने ज्ञानको प्रयोगमा स्वदेशी-गैरस्वदेशी विचको द्वन्द्वात्मक अवस्थाबाट माथि उठेर सिंगो जीवन-जगतको दुःख मुक्तिलाई केन्द्रमा राख्दछ । यहाँ स्व-देशवाद (Indigenism) दर्शनको प्रमुख प्रस्तावकहरु मध्यका वार्ड चर्चिल "आइ एम ईण्डिजिनिष्ट" पुस्तकमा लेख्छन्;

प्रायः मेरो लेखहरू तथा सम्वोधनहरूमा म आफुलाई विचारधारामा स्वदेशवादी भनि परिचित गराउँछु । यसमा मेरो मतलब यो हो कि, म (त्यो) हुँ जो स्व-देशी (आदिबासी) जनताको अधिकार मेरो राजनीतिक जीवनको उच्चतम महत्वको रूपमा मात्र लिन्न बरू जो विश्व भरि स्व-देशी जनताहरूद्वारा हजारौं बर्षहरूमा विकास गरेका परम्पराहरू– ज्ञान तथा (त्यससँग) सम्बन्धित मुल्यको संकेतहरू– माथि आकर्षित हुन्छ । यो आधारमा म वर्तमान सामाजिक, राजनीतिक, आर्थिक, र दार्शनिक यथास्थितिको आलोचना मात्र होईन तर विकल्प परिकल्पना गर्छु । बदलामा यसले मैंले पछ्याउने खालको लक्ष्यहरू तथा उद्देश्यहरूलाई आकार दिने मात्र हैन मैंले वकालत गर्ने रणनीति र जुक्ति, मैले सहयोग गर्न चाहने संघर्षको प्रकारहरू, म प्रवेश गर्न चाहेको गठबन्धनहरू, तथा अन्यलाई आकार दिन्छ ।"

उदारवादको एक व्यक्ती र मार्क्सवादको व्यक्तीहरु सम्मिलित आर्थिक वर्ग भन्दा भिन्न यहाँ "स्व-देश" आवधारणा प्रधान हुन्छ । ॥स्व'ले कुनै एक व्यक्तीको आत्मागत पक्षमात्र बुझाउँदैन बरु सबै सृजित (सजिव वा निर्जिव) वस्तुहरु (Phenomena) को अस्तित्वलाई बुझाउँदछ जुन उदारवादको एक व्यक्ती र मार्क्सवादको वर्ग जस्तो सापेक्षित हुँदैन, शास्वत हुन्छ । त्यसरी नै देशले दीग (space) लाई जनाउँछ । देश वा दीग दिश् धातुबाट आएको हो जहाँ दिश्वा दिशा भन्ने बुझिन्छ । यसर्थ देश वा दीगलेपूर्व-पश्चिम-उत्तर-दक्षिण दिशायुक्त क्षेत्र वा ठाउँ (Space) अर्थात व्यवहारिक अनुभव र प्रयोगको गाउँ (Village, Country), देहात (Country), र देश (Country) भन्ने बुझाउँदछ ।

अब २१औं शताब्दीको विश्व समाज र व्यवस्थाहरुले सामना गर्नु परेका चुनौतीहरुको समाधान गर्ने सवालमा परम्परागत उदारवाद र मार्क्सवादको दार्शनिक संशयात्मक स्थितीलाई हेरौं । स्वदेशवादले परम्परागत उदारवाद र मार्क्सवाद जस्तो मानवकेन्द्रवाद (Anthropocentrism) को विकल्पमा जैविक बहुलवाद ९द्यष्य(उगिचबष्क्रि० लाई केन्द्रमा राख्दछ । यसर्थ, स्वदेशवादमा सार्वभौमिकताको सवाल गौण हुन्छ अर्थात जसरी उदारवाद र मार्क्सवादले जैविकता भित्रको मान्छेलाई मात्र सार्वभौम मान्दै अन्यमाथि मानव (एका)अधिकारलाई स्थापित गर्छ, स्वदेशवादले त्यसको ठीक विपरित मान्छेजीव मण्डल (Biosphere): प्रकृति (nature) जीव (biology) तथा पर्यावरण (ecology) को एउटा अँग वा ईकाईमात्र मान्दछ त्यसकारण मान्छेको एकाधिकारलाई अस्विकार गर्दछ । यसै मान्यताको जगमा वहुलराष्ट्रिय राज्य बोलिभियाको "वहुलराष्ट्रिय विधायिकी सभा" ले सन २०१० मा Law of the Rights of Mother Earth (धर्तिमाताको अधिकारको कानुन) पारित गऱ्यो । दक्षिण अमेरिकाको एउटा भू-परिवेष्ठित मुलुक बोलिभिया यस्तो कानुन पारित गर्ने विश्वका पहिलो मुलुक बन्न कसरी सम्भव भयो जहाँ उत्तर-अमेरिका, यूरोपका विकसित र सभ्य भनिएका देशहरुले र संयुक्त राष्ट्र संघ समेतले यस कानुनको प्रसंशा मात्र होइन Universal Declaration of Rights of Mother Earth नै घोषणा गर्न वाध्य भयो । यो कसरी सम्भव भयो भने बोलिभियाको बामपन्थी ईन्डिजिनिष्ट पार्टी Movement Towards Socialism (Moveimiento al Socialismo–MAS) ले परम्परागत मार्क्सवाद वा उदारवादको विकल्पमा राज्य सिद्धान्त (state principle) स्व-देशवाद (Indigenism) र शासनकला विज्ञान वहुलराष्ट्रवाद (Plurinationalism) र सामुदायिक समाजवाद (Communitarian Socialism) लाई अँगिकार गरे पश्चात सम्भव भयो ।

सुक्ष्म विश्लेषण गर्दा उदारवाद र मार्क्सवादले प्रशय दिने मानवकेन्द्रवाद र एकाधिकार विश्वभरका स्व-देशी राष्ट्रहरु तथा पूर्विय चिन्तन प्रणाली बैदिक तथा बौद्धभन्दा विपरित पश्चिमी "एव्रह्मिक" धर्म-दर्शनबाट आएको हो । त्यसकारण एव्रह्मिक धर्महरुले जस्तै गरी उदारवाद र मार्क्सवादले वैज्ञानिकता, तार्किकता तथा प्रमाणिकताको नाममा अन्य स्व-देशी ज्ञानसंहार गर्दछ र औपनिवेशिकता लादने गर्दछ । यूरोपेली ज्ञानोदय (उद्बोधन) यूगको प्रारम्भदेखी नै यूरोपलेआफु बाहेक संसारका अन्यलाई हेर्ने दृष्टिकोणमा एउटा प्रक्षेप निर्माण गऱ्यो जहाँ "कला तथा सौन्दर्यशास्त्र" कसरी दार्शनिक संकथन भयो, केही मापदण्ड स्थापित गर्नको निमित्त उत्तरदायी मात्र होइन जसले (अहिलेसम्मको मानव) "रुची"लाई दुरुस्त गर्दछ र विश्वभर फरक जनसंख्याहरु विभाजन गर्नको निमित्त पनि जो, ईम्यानुएल क्यान्टको अवधारणा अनुसार (यूरोपेली जनासंख्या वाहेक) अन्य विश्वका जनसख्याहरू सुन्दर तथा उत्कृष्ट थाहा पाउन र बुझ्न तत्पर थिएन । विश्वभर फरक जनसंख्याहरु विभाजन गर्न उनिहरुले "उस्तै तर फरक" अर्थात "similar but different" विशेष पद सृजना गऱ्यो । "उस्तै तर फरक" विरोधालंकार सुविचरित छ । यो पश्चिमी धर्मशास्त्र, सेक्युलर दर्शन तथा विज्ञानद्वारा आविस्कार गरिएको साम्रज्यवादी तथा औपनिवेशिक ज्ञानगत, सौंन्दर्यशास्त्र, धार्मिक र तत्वमिमांसिय भेदको कारण हो ।

ज्ञानगत-तत्वमिमांसिय (Epistemic–Ontological) सिद्धान्तमा उदारवाद र मार्क्सवाद एव्रह्मिक मूल्य- मान्यताको नविकृत संस्करण हो । यसकारण यि दुई आधुनिक भनिएका दार्शनिक प्रणालीले अवलम्वन गर्ने प्रणालीगत (Methodological) कृयाको केन्द्रमा हिंसा रहन्छ । जसरी ज्ञान-तत्वमिमांसिय आधारमा एवह्मिक धर्म-दर्शनहरुले एव्रहमको सम्प्रभूतालाई स्थापित गर्दछ, विकल्पमा धर्म निरपेक्ष ज्ञान-दर्शन प्रणालीको दावी सहित उदारवाद र मार्क्सवादले एव्रहमको विकल्पमा मानव सम्प्रभूता स्थापित गर्दछ ।

उदारवादी र मार्क्सवादी दर्शन प्रणालीको निर्देशनमा एक व्यक्ती वा समुह (वर्ग) सहभागि कालिक प्रकृया (temporal process) जुनलाई दर्शनशास्त्रमा दुःख र पीडाको संयोग मानिन्छ, साथै मुक्ती (trandscendence) तर्फको संकेत वा सूत्र प्रदान गर्ने रुपमा पनि हेरिन्छ– दुःख र पीडाको पुनोरूत्पादन गर्दछ । किनकी ज्ञानगत-तत्वमिमांसिय सिद्धान्तमा उदारवाद र मार्क्सवादले मानवकेन्द्रवाद र अधिनायकत्वलाई स्थापित गर्ने हुँदा यि दुई दार्शनिक प्रणालीलाई मान्ने र अवलम्वन गर्ने संसारका (केही) सम्भ्रान्त मान्छेहरु सहभागी कुनै देश वा दीग (space) भित्रको कालिक प्रकृयामा साझेदारीता तथा सामुहिकताको शून्य उपस्थिती हुन्छ । जहाँ प्रकृति, जीव र पर्यावरणमा केवल एक मान्छेको सम्प्रभूता र अकाधिकार हुन्छ त्यहाँ देश र दीग (space) मा सम्भ्रान्तहरुको सम्प्रभूता र एकाधिकार स्थापित गरिन्छ । विपरितमा ज्ञानगत-तत्वमिमांसिय सिद्धान्तमा स्व-देशवादले जैविक वहुलवादलाई स्थापित गर्ने हुँदा यो दार्शनिक प्रणाली मान्ने तथा अवलम्वन गर्ने स्व-देशवादी राष्ट्रहरु सहभागी देश वा दीग ९कउबअभ० भित्रको कालिक प्रकृयामा साझेदारी र सामुहिकताको दरिलो उपस्थिती हुन्छ ।

विशेषतः मार्क्सवाद र साधारणतः उदारवाद लगाएत अन्य पश्चिमी राजनीतिक दर्शन प्रणालीहरु (विशुद्ध विज्ञान समेत) द्वैतवादी हुन्छ । उनिहरुको ज्ञानगत-तत्वमिमाँसिय सिद्धान्तमा जगत (वस्तु) र जीवन (चेतना)को अलग अलग अस्त्वित्व स्विकार गर्दछ अर्थात दुबैलाई मूर्तरुप दिन्छ । चेतनाविष्ट काल र वस्तुनिष्ट दीग दुबै मूर्त हुन्छ । त्यस कारण सम्पूर्ण सत्य वा अस्तित्व

बाँकी पृष्ठ ५ मा

मधेश अपडेट

'राष्ट्रिय स्वाधिनताको लागि बिआरआई खतरा'

जनकपुरधाम । राष्ट्रिय एकता अभियान जनकपुरले राष्ट्रिय स्वाधीनता, बिआईआर ऋणजाल र पोखरा अंतराष्ट्रीय विमानस्थल विषयक अंतरक्रिया कार्यक्रम आयोजन गरेको छ। समाजसेवी राघवेंद्र कर्णको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि अभियानका केंद्रीय संयोजक विनय यादव, विशिष्ट अतिथि वरिष्ठ नेता एबं संबिधान सभाका सदस्य मा. बिपी यादव रहनुभएको थियो भने वक्तामा जीवन साह , जीतेन्द्र दास,मनीष पुर्वे,झोटन मेहता, लगायत ले आपनो मनतव्य राखेका थिए। कार्यक्रममा राष्ट्रिय स्वाधीनताको महत्व, देशको आर्थिक दुर्गतीमा बीआरआई ऋणजालको भूमिका र पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको व्ययभारबाट हुने आर्थिक नोक्सानका विस्तृत छलफल भयो । प्रमुख अतिथि विनय यादवले राष्ट्रिय एकता र विकासमा चीनबाट नेपालको राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्न आबस्यक रहेको बताए। उनले पोखरा अन्तरराष्ट्रिय बिमानस्थलको लागि उपलब्ध गराईएको ऋण भोली नेपालको सार्वभौमसतालाई चुनौती दिए खतरा औल्याए। यादवको भनाईमा समर्थन गर्दै अन्य बक्ताहरूले राष्ट्रिय एकता, विकास र समृद्धिका लागि नेपालले चीनसङको बिआरआई सम्झौता खारेज गर्नुपर्नेमा सह्मती जनाए।

स्थायी बन्ध्याकरण शिविर संचालन

महोत्तरी । स्वास्थ्य कार्यालय महोत्तरीको आयोजना तथा मटिहानी नगरपालिकाको समन्वय र सुनौलो परिवार नेपालको प्राविधिक सहयोगमा मटिहानी नगरपालिका अन्तर्गतका सिमरदही स्वास्थ्य चौकीमा संचालन भएको परिवार नियोजनको स्थायी बन्ध्याकरण शिविरको उद्घाटन नगर प्रमुख हरि प्रसाद मण्डल र स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख सुनीता गुप्ताद्वारा संयुक्त रुपमा सम्पन्न भएको छ । उद्घाटन गर्दै नगर प्रमुख मण्डलले यो बन्ध्याकरणले अनिश्चित गर्भधारणबाट बँच्ने तथा देशको जनसंख्या बृद्धि दर रोक्न मद्दत पुग्ने बिश्वास व्यक्त गरे । उक्त शिविरमा महिलाको लागि मिनील्याप र पुरुषको लागि भ्यासेक्टोमी स्थायी बन्ध्याकरण गरिने कुरा स्वास्थ्य कार्यालयका प्रमुख सुनिता गुप्ताले बताइन् । उक्त परिवार नियोजनको स्थायी बन्ध्याकरण शिविरको उद्घाटन कार्यक्रममा नगर उप-प्रमुख मंजु देवी साह, वड़ा नं.९ का वड़ा अध्यक्ष मदन चौधरी, स्वास्थ्य शाखा प्रमुख पवन कुमार मंडल, मटिहानी नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी प्रमुखहरु,महिला स्वेयं सेविकाहरु ,मोसाफिर सहनी, जोगेन्द्र साह, इन्दल मंडल, राम प्रवेश चौधरी , तेतर सहनी, रत्नेश्वर लाल कर्ण लगायतका स्थानीयहरुको उपस्थिति रहेको थियो ।

लुम्बिनी प्रदेशको यातायात सम्बन्धी समस्या समाधानबारे छलफल

इमरान खान, लुम्बिनी । लुम्बिनी प्रदेशको यातायातसम्बन्धी समस्या समाधानबारे सिंहदरबारमा छलफल भएको छ । लुम्बिनी प्रदेशका लुम्बिनी प्रदेशका उद्योग तथा यातायात व्यवस्था मन्त्री रोज राणाले संघीय भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री प्रकाश ज्वालासँग छलफल गरेका हुन् । छलफलका क्रममा तत्काल चालक अनुमति पत्र सहज रूपमा तत्काल दिनेबारेमा केन्द्रित भएर छलफल भएको राणाले जानकारी दिए । उनले लुम्बिनी प्रदेशका उद्योग तथा यातायात व्यवस्था मन्त्री राणाले प्रदेशभित्र चालक अनुमति पत्र छपाइ प्रदेशलाई नै दिन केन्द्र सरकारसँग आग्रह गरे । सो क्रममा मन्त्री ज्वालाले लुम्बिनी प्रदेशका मन्त्री राणाले उठाएको विषयबारे आफू सकारात्मक रहेको बताए। मन्त्री ज्वालाले चालक अनुमति पत्र छपाइ र सहज रूपमा सेवाग्राहीलाई उपलब्ध गराउन कसरी सकिन्छ भनेर सात प्रदेशका यातायात मन्त्रीहरूलाई बोलाएर छलफल गरेर ठोस निर्णय गर्ने समेत बताएका छन् । यसअघि मन्त्री राणाले आफ्नो प्रदेशभित्र चालक अनुमतिपत्र लिने क्रममा परीक्षार्थीले आफ्नै सवारी साधन प्रयोग गर्न पाउने निर्णय गराएका थिए । यस्तै झोलामा ट्रायल सेन्टर बोकेर हिँड्नेलाई कानुनी दायरामा ल्याउन पनि उनले पहलकदमी लिएका छन् ।

विद्यालयमा जाडो विदा

नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिकाले विद्यालयहरूमा जाडो बिदा दिएको छ । चिसो अत्यधिक बढेपछि सामुदायिक विद्यालय, संस्थागत र धार्मिक विद्यालयहरूमा जाडो बिदा दिइएको नेपालगञ्ज उपमहानगरपालिकाले जनाएको छ । उपमहानगरपालिकाका नगर शिक्षा प्रमुख गोर्खबहादुर थापाले अत्यधिक जाडो तथा शीतलहर बढेसँगै विद्यालय सञ्चालनमा कठिनाइ भएकाले बिदा दिइएको बताउनुभयो । उपमहानगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरूमा माघ ४ गतेदेखि ६ गतेसम्म जाडो बिदा दिइएको हो । नेपालगञ्जमा एक साता यता शीतलहर चलेसँगै चिसो अत्यधिक बढेको छ ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

राष्ट्रिय...

अनिवार्य ऐतिहासिक, द्वन्द्वात्मक तथा भौतिक हुन्छ । विपरितमा स्व- देशवादले सबै सत्य र अस्तित्व अनिवार्य सापेक्षिक, संवादात्मक र सांस्कृतिक हुने मान्दछ । द्वन्द्ववादीहरूको निमित्त ईतिहासको गति वा परिवर्तनको नियम थेसिस (पक्ष) एन्टीथेसिस (विपक्ष) बिचको निरन्तर द्वन्द्वबाट सिन्थेसिस (संयोग) बन्ने र एर्वारतले उर्ध्मूख (spiral) प्रवाह हुने जहाँ द्वन्द्वात्मक निषेध (dialetic negation) नियमबाट अगाडि बढ्ने क्रममा परिणामतः परिवर्तनले यथास्थितीको संख्यात्मक क्रममा गुणात्मक फड्कोद्वारा क्रमभंग गरिन्छ । यस प्रकृयामा शक्तिको भूमिका अनिवार्य तथा महत्वपूर्ण हुन्छ । समाजको निरन्तरको चाललाई गतिवान बनाउन् अनिवार्य हुन्छ । निरन्तरको चालमा क्रमभंग गर्दै गतिवान बनाउनुको निमित्त अतिरिक्त शक्ती उत्पादन गर्नु अतिआवश्यक हुन्छ जुन बल (हिंसा)को प्रयोग द्वारा गर्न सकिन्छ । हिंसा र बलको प्रयोगद्वारा पुरानो ध्वंश नभईकन नयाँ निर्माण हुन सक्दैन भन्ने मान्यता अनुसार युद्ध छेडिन्छ । यो उनिहरूको जीवन- जगतको तत्वमिमांसीय निराशावाद (pessimism) को कारण हो जसले उनिहरूलाई गहिरो गरी उच्छेदवाद (nihilism) को संकट तर्फ डोऱ्याउँछ । उच्छेदवादीहरु संरक्षणमा विश्वास गर्दैनन वरु ध्वंशलाई नै निर्माणको अनिवार्यता मान्दछ किनकी उनिहरूको निमित्त "यावत जिवेत् सुखम जिवेत् । ऋणम् कृत्वा घ्रिणम् पिवेत । भष्मीभूतस्य देहसस्य पुनरागमन कुतः" नै सत्य हो । उनिहरूको निमित्त आफ्नो स्वार्थ (स्व-अर्थ) बाहेक केही पनि सत्य छैन अन्य कुनैको मुल्य पनि छैन । त्यसकारण जो आफ्नो स्वार्थको निमित्त उपयुक्त छैन ति सबै ध्वंश गर्नु अनिवार्य हुन्छ । त्यो नै महानता हो र क्रान्ति हो ।

४. संवादात्मक तथा द्वन्द्वात्मक (dialogic and dialectic) बिचको अन्तर बारे:

संवादात्मक प्रकृया G.H.F. Hegel द्वारा प्रस्तावित द्वन्द्वात्मक प्रकृयाको विपरित उभिन्छ । द्वन्द्वात्मक पकृयामा विविध नमुनाहरु (Paradigms) अथवा विचारधाराहरु (Ideologies) बिचको सम्बाद तथा समाधान व्याख्या गर्दै, एउटा कल्पित, अनुमानित वा तथाकथित समाधान (putative solution) लाई अन्य (समाधानहरू) माथि उत्कृष्टता स्थापित गर्दछ । द्वन्द्वात्मक प्रकृयाको लक्ष्य तर्क तथा विपरित तर्क (thesis and antithesis) लाई द्वन्द्व तथा तनावको माध्यमबाट एउटा सम्झौता अथवा अन्य सहमतीको अवस्थामा संयोग गराउनु हो (synthesis) । "संयोग जुन पूर्वपक्ष तथा प्रतिपक्ष बिचको प्रतिद्वन्द्वीबाट विकास हुन्छ ।" द्वन्द्वात्मक विधीले हिंसालाई पूनोरुत्पादन गरिरहन्छ वा रहनु अनिवार्य हुन्छ जवसम्म साम्यवाद (communism) जुन एउटा कल्पित, अनुमानित वा तथाकथित समाधान (putative solution) हो, पूर्णरुपेण स्थापित हुँदैन ।

विपरितमा संवादात्मक प्रकृयामा विविध दृष्टिकोणहरु सह-अस्तित्वमा रहन्छ र उनिहरूको अन्तर्कृया सापेक्षित रूपले अस्तित्वमय तथा सापेक्षात्मक हुन्छ । यहाँ, प्रत्येक विचार विशेष अवस्थाहरुमा ज्यादा महत्व राख्दछ । यदि रणनितीको वान्छित प्रभाव नभएमा परिवर्तन यिनै विचारहरु भित्रै गर्न सकिन्छ । यहाँ विचारहरु विच पूर्वपक्ष र प्रतिपक्ष भेद हुन्न, त्यसकारण विचारहरु विच संवाद (dialogue) हुन्छ, द्वन्द्व (dialectic) हुदैन । साथै, भूत र भविष्यतकालको वस्तुकरण हुन्न र जे हुन्छ र गरिन्छ वर्तमानमा गरिन्छ । वर्तमानमा गरिने हुँदा न भूतकालको भूतले सताउँछ नत भविष्यतकालको लोभले डुबाउँछ । उदारवादी क्यापिटलिष्ट र मार्क्सवादी कम्युनिष्टहरुले हालसम्म उनीहरूको भूतकालको भुतबाट त्रसित हुँदै र भविष्यतकालको लोभबाट ग्रसित हुँदै वर्तमानलाई क्षति पुऱ्याई आएका छन । तर, हामी स्व-देशवादी ईण्डिजिनिष्टहरु वर्तमानको संरक्षण नै भूतकालको सम्मान हो र भविष्यतकालको रक्षा गर्नु हो भन्ने मान्यता राख्दछौं ।

५. द्वन्द्वात्मक या संवादात्मक समाधान

वर्तमान विश्वका राष्ट्र-राज्यहरूभित्र राज्यधारी राष्ट्र र राज्यविहिन राष्ट्रहरु बिचको दोषीरेखाले एक अलगै किसिमको अन्तर्वरोध सृजना गरेको छ । यस संबन्धमा प्राध्यापक श्यामुएल पी. हन्टिङ्टन माईकल डिब्डिनलाई उद्दृत गर्दै लेख्छन्, हामी थाहा पाउँछौं, हामी को हौं जब हामी थाहा पाउँछौं हामी को होइनौं र मात्र जब हामी थाहा पाउँछौं हामी कसका विरुद्धमा छौं । यस भनाइलाई गहिरेर विचार गर्ने हो भने संसारभरीका सिमित राज्यधारी राष्ट्रहर भित्रका मुठ्ठीभर सम्भान्तहरुद्वारा राज्यविहिन राष्ट्रहरुमाथि प्रयोग गर्दै आएको राज्य औपनिवेशिकता नै हो जसले आफ्नै किसिमको सत्ता निर्माण गरी त्यही सत्ताको बलमा दुई तिहाई भन्दा ज्यादा संख्यामा रहेका सार्वभौम स्व-देशी राष्ट्रियताहरुमाथि उपनिवेश लादेको थियो । विश्वभरका सार्वभौम स्व-देशी राष्ट्रियताहरुलाई अविकसित र असभ्य करार गर्दै १७-१८औं शदाब्दीदेखिको Civilizing missions तथा २०औं शताब्दीको विशाल आधुनीकिकरण तथा विकास योजना (Grand Modernization and Development Project) मार्फत उनिहरूमाथि बलपूर्वक सामाजिक-सांस्कृतिक, राजनीतिक तथा आर्थिक औपनिवेशिकता लागु गर्दै राष्ट्रिय/जातिय-संहारको योजना अगाडि बढायो । त्यस निमित्त उनीहरू (शासकहरू)ले, हामी जो थियौं, त्यो होइन भनियो । हामी जो थिएनौं, त्यो हो भनियो । हामी जो थिएनौं र होइनौं "गोर्खाली राष्ट्रियता", हामी जो थियौं र हौं "स्व-देशी राष्ट्रियता" । हामी जो थियौं र हौं "स्व-देशी राष्ट्रियता" त्यसलाई निषेध गरियो र गरि नै रहेको छ । हामी जो थिएनौं र होइनौं "गोर्खाली राष्ट्रियता" त्यसलाई स्विकार गराईयो गराई नै रहेको छ ।

यहाँ समाज र राज्यविच इतिहासका बुर्जुवा लोक्तान्त्रिक र सर्वहारा समाजवादी भनिएका क्रान्तिहरुले मेट्न असमर्थ दोषिरेखा (Faultline) हाल पर्यान्त कायम नै छ । जसले नेपाली जनताहरुको निजी जीवनहर मात्र होइन राज्य संयन्त्रहरुलाई पनि प्रभाव पारेको छ र वर्तमान गणतन्त्रको औपनिवेशिक चरित्रले निरन्तरता पाएको छ । यस प्रसंगमा बोलिभियाली समाजवादी क्रान्तिको नेता तथा उपराष्ट्रपति अल्वारो गार्सिया लिनेराको भनाइ सारगर्भित छ, यहाँ एउटा निरन्तरताको धार छ र एउटा सुःखको धार छ । निरन्तरता मेरो प्रतिबद्धतामा अन्तर्निहित छ कि स्व-देशी जनताहरुले बोलिभियामाथि शासन गर्नु पर्छ, र यो मात्र एउटा बाटो हो १८० वर्षदेखी समाज र राज्यविच रहेको दोषीरेखा मेटाउने, र यो गणतन्त्रको औपनिवेशिक चरित्रको अन्त्य गर्ने जुनले बोलिभियाली निजी जीवनहर जस्तै (गरि) राज्य संयन्त्रहरुलाई पनि प्रभाव पार्दछ । २१औं शताब्दीको हाम्रो समाज र राज्यविचको दोषीरेखालाई मेटाउन बोलिभियाली क्रान्तिले सन २००९ मा बहुलराष्ट्रिय राज्य बोलिभिया घोषणा गरे जसरी नेपालको वर्तमान एकलराष्ट्रिय राज्य स्व-रुप वा सं-रचनालाई बहुलराष्ट्रिय राज्य स्व-रुप वा सं-रचनामा बदल्नु अनिवार्य भएको छ । र त्यस मार्फत स्व-देशी जनताहरुको राजनीतिक स्वतन्त्रता प्राप्त गर्नु जसबाट अन्ततः राज्यमाथिको शासन स्व-देशीको हातमा आउनेछ । यो राज्य स्व-देशीद्वारा शासित हुनुपर्छ ।

हामी जो थियौं/हौं "स्व-देशी राष्ट्रियता" पूर्णरुपेण स्थापित हुनु पर्छ । त्यहि लोकतन्त्र औ जनतन्त्र हो, त्यहि अधिकार हो, त्यहि परिवर्तन, रुपान्तरण, पुनःसंरचना, क्रान्ति हो, त्यहि नै नयाँ नेपाल र शान्ति हो ।

यसको लागि हामीले आफुलाई यो ऐतिहासिक जिम्मेवारी लिनको निमित्त ठुलो तयारी गर्नु पर्दछ ।

हामीले स्व-देशी र गैरस्व-देशी विचको दोहोरो द्वन्द्वाट माथि उठी सिंगो देशकोनिम्ती समाधान दिन सक्नुपर्दछ । हामी ति जनताहरुको निमित्त पनि योजना ल्याउनु पर्दछ जो स्व-देशी राष्ट्रियता होइन तर जो हामी जस्तै कुनै रुपबाट उत्पीडित छन । तर अब यसको नेत्रित्व हामीले लिनु पर्दछ अन्यथा हिजोकै शासकहरुको नेत्रित्वमा राज्य रुप्यो भने नत त्यसले सामाजिक लोकतन्त्रको अवधारणालाई सफल बनाउने छ नत हामी विचको दोषीरेखा मेटिन गई नयाँ क्रममा हामी प्रवेश गर्ने छौं ।

हामी विश्वका उत्पीडित राज्यविहिन राष्ट्रका जनताहरुको तर्फबाट हाम्रै मुक्तिको निमित्त उत्पीडक राज्य विरुद्ध संघर्ष गरिरहेका नेपालका ईन्डीजिनिष्टहरु यसवेला २१औं शताब्दीको नविन नेपाली क्रान्ति "राष्ट्रिय मुक्ति क्रान्ति"को विचार, नेतृत्व, योजना निर्माण गर्दै अघि बढिरहेका छौं । यस घडीमा हामीलाई विश्वमा विकास भईरहेको अन्तरसंघर्षको विश्लेषण गर्ने विधि तय गर्नुछ भने अन्तरसंघर्षहरुको समाधान गरि दिगोशान्ति स्थापित गर्न अवलम्बन गर्नुपर्ने योजनाको निमित्त नव-नमुना निर्माण पनि गर्नुछ ।

सन १९८० को दशकबाट शुरु भएको विश्वव्यापिकरण र नवउदारवाद नवसाम्राज्यवादको अवतार हो । नवउदारवादी पुँजीवादको जगमा खडा भएको नवसाम्राज्यवाद विश्व बैंक, अन्तरराष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठनको तीनपांगे रथ चढेर विश्वभरिको उत्पीडित स्व-देशी राज्यविहिन राष्ट्रका जनताहरुले युगौदेखी बचाई ल्याएका प्राकृतिक स्रोत, स्व-देशी ज्ञान, सिप, प्रविधीको उपयोग (वा दुरुपयोग) गरी आफु र आफ्नो कम्पनीको अभियारहरुको व्यक्तिगत धन बढाउने योजना मुताबिक विश्वभरी नै लुट मचाउँदै हिंडिरहेको छ । विश्वभरिका आधुनिक राज्यहरुको शासकहर आ-आफ्नै देश भित्रको जनताहरुको वुई चढ्दै यिनै अन्तरराष्ट्रिय नवसाम्रज्यवादी शक्तीहरुको गुलामी गर्नमा नै तल्लिन छन । कुनै बेला कथित सर्वहारा वर्गको नेत्रित्व गर्ने भनी विश्वभरी हल्लाको खेती गर्दै हिंडेका बामपन्थी कम्युनिष्ट नेताहरु क्रमैसंग पराजित हुँदै गएको परिप्रेक्षमा नवउदारवादको नाइके फ्रेफ्रेसर फ्रान्सिस फुकुयामाहरुले त अब विश्वमा वैचारिक वा सैद्धान्तिक राजनीतिक टकरावको युगको अन्त्यको घोषणा गर्न सेमत भ्याए । तर सन १९९० को दशकको शुरुवातसँगै शुरु भएको विश्व स्व-देशवाद र राष्ट्रिय मुक्ती क्रान्तिको चौथो लहरसँगै नवउदारवादी साम्राज्यवादको क्यामप्मा ठुलो भुईचालो गयो । त्यसपश्चात भने उनिहरुले आफ्नो अन्तरराष्ट्रिय सहयोग एजेन्सीहरु मार्फत ईण्डिजिनिष्ट नेत्रित्वहरुलाई (आइ.एन.जि.ओ. आन्दोलनमा नै सिमित पार्ने योजना बढायो भने कम्युनिष्टहरु निर्लज्जा ढंगले राष्ट्रिय मुद्दाहरुलाई उपयोग गर्दै सत्ताको बागडोर सम्हाल्न पुगे । यसविच दक्षिण अमेरिकाका ईण्डिजिनिष्ट मूम्मेन्टहरु राजनीतिक रुपमा विकास हुँदै अन्ततः शान्तीपूर्ण तथा सशस्त्र विद्रोहहरु मार्फत स्व-देशी सत्ताहरु निर्माण गर्न सफल भए । हाल नेपालमा पनि ऐतिहासिक शक्तिहरु पुँजीवादी नवउदारवादी शक्ती नेपाली कंग्रेस र कम्युनिष्ट पार्टीहरू असफल हुँदै गर्दा एउटा ईण्डिजिनिष्ट शक्तिको उदय अवश्यंभावी भएको छ । तर ईण्डिजिनिष्ट नेत्रित्वहरु भने राजनीतिक रुपमा अघी नबढी उही (आइ.एन.जि.ओ. आन्दोलन भै गरिरहेको परिस्थिती माझ उनिहरु तिनै नवउदारवादको नाइके कंग्रेस र नवदलाल कम्युनिष्टहरु कै पछाडि विनार्थ बुईरहेको देखिन्छ । यस्तो हुनुमा नेताहरुमा रहेको वैचारिक टाटपल्टाई नै हो । यसर्थ अब हामीले कुनै नवउदारवादी वा नवमार्क्सवादीहरुको पछी लाग्नु भन्दा एक पटकलाई आफ्नै ईण्डिजिनिष्ट धारबाट एउटा राजनीतिक संश्लेशन गरी शान्तिपूर्ण सशक्त विद्रोह मार्फत स्व-देशी सत्ता निर्माण गर्न जनता समाजबादी पार्टीको झण्डा मुनी गोल्वन्द भई संघर्ष गर्न जरुरी भएको छ ।

मित्रहरु,

विद्रोह सम्पन्न गर्न हामीलाई विद्रोहको निमित्त नवनमुना आवश्यक्त पर्दछ । त्यसको निमित्त हामीलाई सामाजिक संरचनाको ज्ञान हुन आवश्यक हुन्छ । समाजको संरचना नै राजनीतिक संरचनाको आधार बन्दछ । समाजको प्रमुख तीन संरचनाहरू; आधारसंरचना, सामाजिक संचना र उपरीसंरचना हुन । तथापी, यो आर्थिक जगमा आधारित भएतापनि, उपरीसंरचना आर्थिक आधारभन्दा माथि उठ्छ र सामाजिक संचनासंग सहकार्य गर्छ, कहिलेकाहिँ त निर्णायक रूपमा । यो उपरिसंचना र आधारविचको द्वन्द्वात्मक सम्बन्ध धेरै जटिल हुन्छ र संधै बुझ्न सक्ने हुन्न । तर अन्तिम अनुसन्धानमा आर्थिक आधार संधै निर्णायक शक्ति भएर आउँछ । यि तीनै संरचनाहरु नै राजनीतिक शक्ती उत्पादनको स्रोत समेत हो । प्रयास उपरीसंरचना शक्ती अभ्यासको लागि उपयुक्त र वैध हुन्छ । तर आधारसंरचना भने उपरीसंरचनाको शक्तीलाई उत्पादन गर्ने स्रोत समेत हुन्छ । तब न त प्रयास संसारको विद्रोहीहरुले सुरुमा आधार संरचनामित्र अन्तर्निहित शक्तिलाई आफ्नो पक्षमा लिन्छ । जसको निमित्त उनिहरुले आधार संरचनामा भएको उपरीसंरचना विरुद्धको भावनालाई नयाँ राजनीतिक मार्ग वा कार्यदिशा मार्फत विद्रोहको शक्तिमा बदल्छ र क्रमिक रुपले उपरीसंरचनालाई भत्काउन उपयोग गर्दछ । जसको निमित्त नेतृत्वले कठोर निर्णय गर्नु पर्छ, किनकी-

साधरणतय मानव चेतना प्रगतिशिल वा क्रान्तिकारी हुँदैन । परिस्थितिलई प्रतिकूया जनाउन हिलो गर्छ र गहिरेर रूढिवादी हुन्छ । धेरै जसो मानिसहरू परिवर्तन चाहन्न, क्रान्तिकारी परिवर्तन ज्यादै कम । यो परिवर्तनको भित्री भय सामूहिक मनोविज्ञानमा गहिरो गरि जरा गाडिएको हुन्छ । यो एक प्रतिरोध प्रकृयाको अंग हो जसको शुरूबात मानव जीवको सुदुर भुतकालमै हुन्छ । ईतिहास केहि गर्दैन, यो कुनै ठुलो धन संचय गर्दैन, यो कुनै युद्ध छेड्दैन । यो त मान्छे हो, वास्तविक जीवित मान्छे जो यी सबै गर्छ, जो (धन) संचय गर्छ र (युद्ध) लड्छ । ईतिहास (त्यस्तो) छैन जस्तो थियो, एक व्यक्तिको साथमा, मान्छेलाई यसको आफ्नै उद्देश्य प्राप्तिको साधनको रूपमा उपयोग गर्दै ईतिहास मान्छेको आफ्नै क्रान्तिको चौथो लहरसँगै नवउदारवादी साम्राज्यवादको क्यामप्मा ठुलो भुईचालो गयो । त्यसपश्चात भने उनिहरुले आफ्नो अन्तरराष्ट्रिय सहयोग एजेन्सीहरु मार्फत ईण्डिजिनिष्ट नेत्रित्वहरुलाई (आइ.एन.जि.ओ. आन्दोलनमा नै सिमित पार्ने योजना बढायो भने कम्युनिष्टहरु निर्लज्जा ढंगले राष्ट्रिय मुद्दाहरुलाई उपयोग गर्दै सत्ताको बागडोर सम्हाल्न पुगे । यसविच दक्षिण अमेरिकाका ईण्डिजिनिष्ट मूम्मेन्टहरु राजनीतिक रुपमा विकास हुँदै अन्ततः शान्तीपूर्ण तथा सशस्त्र विद्रोहहरु मार्फत स्व-देशी सत्ताहरु निर्माण गर्न सफल भए । हाल नेपालमा पनि ऐतिहासिक शक्तिहरु पुँजीवादी नवउदारवादी

क्रमशः...

संक्षिप्त समाचार

जसपाले मनायो मधेश स्वाभिमान दिवस

काठमाडौं । जनता समाजबादी पार्टी (जसपा) नेपालले मधेस स्वाभिमान दिवस मनाएको छ । माघ ३ गते मधेश प्रदेश नामकरण तथा स्थायी राजधानी घोषणा भएको ऐतिहासिक दिनको सम्झनामा उक्त दिनलाई दिवसको रुपमा मनाउन सुरु गरिएको हो । बुधबार मधेश प्रदेश सरकारले आयोजना गरेको मधेश स्वाभिमान दिवसमा जसपाका अध्यक्ष उपेन्द्र यादव प्रमुख अतिथि रहेका थिए । जसपाले केन्द्रीय कार्यालय बालकुमारीमा एक कार्यक्रमको आयोजना गरी मधेश स्वाभिमान दिवस मनायो । त्यस्तै विभिन्न जिल्लाहरुमा दिपप्रज्वलन गरी उक्त दिवस मनाइयो । जसपाको गत पुस २७ मा सम्पन्न केन्द्रीय समितिको बैठकले मधेश दिवस मनाउने निर्णय गरेको थियो ।

जसपाको जहदा गाउँपालिका पुनर्गठन

विराटनगर । जनता समाजवादी पार्टी (जसपा) नेपालको मोरङ जिल्लाअन्तर्गत जहदा गाउँपालिका पुनर्गठन भएको छ । पालिकाको बभनटोलीमा आयोजित भेलाबाट जगदीश मण्डलको अध्यक्षतामा ३९ सदस्यीय समिति पुनर्गठन भएको छ । समितिको उपाध्यक्षमा शालो साह, शम्भु यादव, सचिव आशनारायण राजबंशी, सहसचिव विन्दु टुडु र कोषाध्यक्षमा विजय साह चयन भएका छन् । पार्टीका राजनीतिक समिति सदस्य एवम् कोसी प्रदेश सरकारका पूर्व स्वास्थ्यमन्त्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

सप्तरीमा आगोले जलेर महिलाको मृत्यु

सप्तरी । तिरहुत गाउँपालिका-५ मुसहरि टोल बस्ने ३५ वर्षीया सोनिला देवी सदाको आगोले जलेर शनिवार बिहान मृत्यु भएको छ । आफ्नै घर अगाडि बालेको घुर ताप्ने क्रममा लगाएको कपडामा आगो सल्किएर गम्भीर घाइते भएकी उनको गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचारको उपचारको क्रममा मृत्यु भएको हो ।

खैरो हेरोइनसहित १ जना पक्राउ

कैलाली । भजनी नगरपालिका-९ पहलमान झुलंगे पुलस्थित सडकबाट अबैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ५ ग्राम ६ सय ६० मिलिग्रामसहित २ जनालाई शनिबार साँझ प्रहरीले पकाउ गरेको छ । पकाउ पर्नेहरूमा घोडाघोडी नगरपालिका-१ सुखड बस्ने २६ वर्षीय प्रसान्त चौधरी र भजनी नगरपलिका-४ बस्ने २७ वर्षीय अभिसेक चौधरी रहेका छन् । इलाका प्रहरी कार्यालय सूर्यपुर भजनीबाट खटिएको प्रहरीले से.४ प ३४४९ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पकाउ गरेको हो ।

बाल्टिनको पानीमा डुबेर मृत्यु

रौतहट । बाल्टिनको पानीमा डुबेर एक १४ महिनाकी बालिकाको मृत्यु भएको छ । गुजरा नगरपालिका-१ रंगपुर घर भई चन्द्रपुर नगरपालिका-७ नयाँ बस्ती कटानी टोलस्थित मामा घरमा बस्ने सुबम साहकी छोरी १४ महिनाकी अनु साहको बाल्टिनको पानीमा डुबेर शनिबार दिउंसो मृत्यु भएको छ । खेल्ने क्रममा डुबेर अशक्त भएकी उनको चपुर प्रालि अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

पर्सा । पोखरीया नगरपालिका-१० शिवबर्वा बस्ने ४५ वर्षीय पन्नालाल साहको मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको छ । सखुवा प्रसौनी गाउंपालिका-५ पटनिस्थित बाटोमा ना.१० प १५१८ नम्बरको मोटरसाइकल शनिबार राति अनियन्त्रित भई पुलको पोलमा ठोक्किएर दुर्घटना हुँदा गम्भीर घाइते भएका उनको स्थानीय मेडिकल हुँदै थप उपचारको लागि पोखरीया अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । मोटरसाइकलमा पन्नाललसहित ३ जना सवार रहेको र अन्य २ जना फरार रहेको बुझिएको छ ।

जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

मोरङ । १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सुन्दरहरैचा नगरपालिका-६ बस्ने २४ वर्षीय काले भन्ने संयोग चौधरीलाई बुधबार दिउंसो प्रहरीले पकाउ गरेको छ । चौधरीले ती बालिकालाई गत पुस १३ गतेदेखि आफ्नै घरमा ल्याई जबरजस्ती करणी गर्दै आएको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय बेलवारीबाट खटिएको प्रहरीले उनलाई पकाउ गरेको हो ।

खैरो हेरोइनसहित एक जना पक्राउ

कैलाली । गोदावरी नगरपालिका-१ चैतनपुरबाट अबैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ५ सय मिलिग्रामसहित सोही नगरपालिका-२ बस्ने २४ वर्षीय प्रमोद चौधरीलाई बुधबार साँझ प्रहरीले पकाउ गरेको छ । सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा उनले सोही नगरपालिका-१ स्थित चैतनपुर सामुदायिक वनमा लुकाई राखेको अवस्थामा उक्त पदार्थ फेला पारी उनलाई पकाउ गरेको हो ।

बसले सफारीलाई ठक्कर दिंदा एकको मृत्यु

मोरङ । पथरी शनिश्चरे नगरपालिका-१ मगर गुम्बास्थित सडकमा बसले सफारीलाई ठक्कर दिंदा एक जनाको मृत्यु भएको छ । को.१ ख ७८३५ नम्बरको बसले प्रदेश न.१-०१-००२ ह ११४८ नम्बरको सिटी सफारीलाई बुधबार दिउंसो ठक्कर दिंदा भएको दुर्घटनामा सफारीमा सवार तेह्रथुम घर भई शनिश्चरे नगरपालिका-२ राधा गुरूङको घरमा पाउना आएकी ८० वर्षीया हस्तमाया गुरूङको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको ट्रमा सेन्टर मंगलबारेमा उपचारको क्रममा मृत्यु भएको छ । सिटि सफारी र बस चालकलाई प्रहरीले नियन्त्रणमा लिनुका साथै दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / ठहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाब नगरौं र खुला दिसापिसाब मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / ठहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाब नगरौं र खुला दिसापिसाब मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

बन्द तथा रुग्ण उद्योगहरू सञ्चालनका लागि ज्ञापन

श्री डा. प्रकाशशरण महत
माननीय अर्थ मन्त्री ज्यू,
नेपाल सरकार,
अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं,
नेपाल ।
विषय : सरकारी स्वामित्वका बन्द तथा रुग्ण उद्योगहरूको पुनरुत्थान तथा संचालन गरी रोजगारीको सिर्जना गर्ने सम्बन्धमा ज्ञापनपत्र ।
महोदय,
आर्थिक परिवर्तनमा राज्यको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ । यो कुरा सन् १९५० को दशक पछिका दक्षिण कोरिया, चीन, सिंगापुर, मलेसिया, थाइल्याण्ड, स्वीजरल्याण्ड जस्ता उदीयमान देशहरूको उदाहरणबाट पनि स्पष्ट हुन्छ । आर्थिक उन्नतिको लागि उद्योग तथा कलकारखानामा राज्यले नै प्रत्यक्ष रूपले लगानी गरेर नै ती राष्ट्रहरूले समृद्धि र विकास हासिल गरेका हुन् । विश्वमा धुपै यस्ता उदाहरणीय र अनुकरणीय दृष्टान्तहरू छन् । राज्यले सकेको खण्डमा स्वयंले गरेर तथा नसकेको खण्डमा गर्न सक्नेहरूका लागि बाटो खोलेर राज्यहरू आर्थिक रूपमा अगाडि बढेका छन्, र द्रुत गतिमा आफ्नो देशको विकास र समृद्धि हासिल गरेर विश्वका सामु शिर ठाडो पारेका छन् ।
२०४६ सालको परिवर्तनपछि नेपालले उदारीकरणको नीतिलाई अख्तियार गरेपछि सरकारी स्वामित्वका उद्योगहरूलाई निजीकरण गरियो । निजीकरण हुन बाँकी सरकारी स्वामित्वका अन्य उद्योग तथा कलकारखाना पनि अहिले बन्द अवस्थामा छन् । कतै न कतै व्यापारी, कर्मचारी र राजनीतिक नेतृत्वका गलत नीति र बैचारिकीको कारण ती धराशायी भएका छन् । निजी र निजीकरणको आधार बजारीकरण हो भने बजारहरू आर्थिक विकासलाई प्रवर्द्धन गर्ने शक्तिशाली संयन्त्रहरू हुन्, तर तिनीहरू प्राय: आर्थिक गतिशीलता र दिगो आर्थिक विकासलाई चाहिने सामाजिक न्यायसहित उत्पादन गर्न असफल हुन्छन् । बजारले गरिबहरूको आधारभूत आवश्यकता पर्याप्त रूपमा पूरा गर्न सक्दैन भन्ने कुरो सरकारी स्वामित्वका बन्द तथा रुग्ण उद्योगहरूको स्थितिले प्रस्ट भइसकेको छ ।

अर्थमन्त्री डा.प्रकाशशरण महत (बायाँ) र उद्योगमन्त्री रमेश रिजाललाई ज्ञापनपत्र बुझाउँदै जनमतका उपाध्यक्ष ई.दीपक कुमार साह ।

यसर्थ, सरकारी स्वामित्वका बन्द तथा रुग्ण उद्योगहरूको पुनरुत्थान गरी रोजगारी सिर्जना गर्न निम्न अनुसारका विषयहरूमा गम्भीर ध्यानाकर्षण गराउन यो ज्ञापनपत्र पेश गरिएको छ :

१. सरकारी स्वामित्वका बन्द तथा रुग्ण उद्योगहरूको पुनरुत्थान गरी नयाँ तरिकाबाट औद्योगीकरण मार्फत लाखौँ प्रत्यक्ष/अप्रत्यक्ष रोजगारीको सिर्जना गर्नुपर्ने र तीव्र आर्थिक विकास र समृद्धिको यात्रा तय गर्नु पर्ने हुँदा ती उद्योगहरू ६ महिना भित्र पुनरुत्थान तथा संचालन गर्नु पर्दछ।

२. बन्द तथा जीर्ण अवस्थामा रहेका उद्योगहरू सञ्चालनका लागि आवश्यक आर्थिक, प्राविधिक, दक्ष जनशक्ति व्यवस्थापन, तथा उत्पादित तयारी सामानहरूको बजार व्यवस्थापन तथा निर्यात प्रवर्धनका लागि आवश्यक प्रबन्ध मिलाउनु पर्दछ । ऐन-कानुनलाई समय अनुकूल उद्योग-मैत्री बनाएर लैजानु पर्दछ ।

३. रुट (ट्इइत) मोडेल अपनाएर बन्द तथा जीर्ण उद्योगहरू ६ महिना देखि १ बर्षभित्र नै सञ्चालन गर्न सकिन्छ । रुट मोडेल भनेको बन्द उद्योगलाई रिनोभेट (भ्मलयखबतभ) अर्थात् मर्मत सम्भार वा पुनर्निर्माण गर्ने, स्वामित्व लिने (इथलन), सञ्चालनमा ल्याउने (इउभचबतभ) र निश्चित अवधिपछि सरकारलाई हस्तान्तरण (त्चबलकाभच) गर्ने अवधारणा हो । उक्त अवधारणामा राष्ट्रिय-अन्तर्राष्ट्रिय कम्पनीहरूलाई ४० बर्षसम्म बन्द उद्योगहरू लीजमा सञ्चालन गर्न दिन सकिन्छ । त्यसो गर्दा केही वर्षसम्म करका दायरामा छुट दिएर प्रोत्साहन गर्नुपर्ने हुन्छ। यस मोडेलमा सरकारी लगानी गर्नु पर्दैन।

४. नीति-नियम बनाई २ महिनाभित्रै लीजमा रुट (ट्इइत) मोडेल अपनाएर सञ्चालन गर्न देश र विदेशको कम्पनीहरूलाई आह्वान गर्नु पर्दछ।

५. निजी क्षेत्रका लगानीकर्ताहरूले उच्च जोखिम वा जीर्ण अवस्थामा रहेका उद्योगहरूमा लगानी गर्न अस्वीकार गरेको अवस्थामा राज्यले नै पूर्ण लगानी गरी ती उद्योगहरू सञ्चालन गर्न व्यवस्थापिका तथा मन्त्रिपरिषदबाट आवश्यक नीतिगत निर्णयसहित अगाडि बढ्नु पर्दछ ।

६. नेपालमा रहेका कृषिजन्य कच्चा पदार्थमा आधारित बन्द उद्योगहरू (जस्तै, बिराटनगर जुट मिल, भृकुटी कागज उद्योग, वीरगन्ज चिनी कारखाना, लुम्बिनी चिनी उद्योग, गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना, बुटवल धागो उद्योग, हेटौँडा कपडा उद्योग, हेटौँडा सिमेन्ट कारखाना) लाई पुन: सुचारु गरेमा लाखौँ बेरोजगार युवाहरूलाई स्वदेशमै रोजगारीको अवसर दिन सकिन्छ र विदेश पलायनलाई निरुत्साहित गर्न सकिन्छ ।

तसर्थ, ती बन्द उद्योगहरू पुन: सञ्चालन गर्न जरुरी छ, र सञ्चालनमा रहेका उद्योगहरूको आवश्यक पूर्वाधारलाई बलियो बनाएर लैजानु पर्दछ। बिराटनगर जुट मिल मात्रै सञ्चालन हुदाँ ३५०० जना प्रत्यक्ष र १५०० जना अप्रत्यक्ष रोजगारी पाउने छ।

७ उद्योग-मैत्री वातावरण बनाउन राज्यले ठोस प्राबधानहरूको विकास गर्नु पर्दछ । विशेष गरी त्यस्ता उद्योग सञ्चालनको अवधिमा सरकारी, राजनीतिक हस्तक्षेप, र्युनियनबाजी तथा अन्य कुनै किसिमका अवरोध हुने खालको वातावरणलाई सरकारले निषेध गर्नु पर्दछ ।

८. पूर्ण सरकारी लगानीमा सञ्चालन गर्ने अवस्था नहुँदा सम्मका लागि बन्द रहेका उद्योगहरू सरकारी-निजी साझेदारीमा सञ्चालन गर्नु पर्दछ, र सामुदायिक स्तरमा कृषि तथा साना घरेलु उद्योगहरूको पनि विकास गर्नु पर्दछ ।

अन्तमा, जनमत पार्टीको रोजगार सिर्जना गर्ने अभियान भएकोले सरकारी स्वामित्वका बन्द तथा रुग्ण उद्योगहरूको पुनरुत्थान गर्ने नीति लिन जोडदार माग पनि गर्दछ, र यस कार्यमा सरकारलाई सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्दछ ।

भवदीय,
ई दीपक कुमार साह
राष्ट्रिय उपाध्यक्ष, जनमत पार्टी
प्रमुख, अनुशासन विभाग

सुशासनको लागि शपथ लिन यादवको आव्हान

जनकपुरधाम । मधेश प्रदेशको नामाकरण तथा स्थायी राजधानी घोषणा भएको ऐतिहासिक दिन स्वाभिमान दिवसको अवसरमा तात्कालीन प्रदेश सभाका सदस्यहरुलाई बुधबार एक कार्यक्रमबीच सम्मान गरियो !
गृह संचार तथा कानून मंत्रालयद्वारा आयोजित कार्यक्रममा प्रमुख अतिथि जनता समाजबादी पार्टी (जसपा)का अध्यक्ष, सांसद तथा पूर्व उपप्रधानमंत्री उपेन्द्र यादवले अधिकार सम्पन्न नभए संघीयताको कुनै अर्थ नरहने बताउनुभयो ।
"मुख्यमंत्री छ, झण्डा छ, सरकार पनि आफ्नो छ तर राज्य आफ्नो छैन भने संघीयताको कुनै अर्थ रहदैन, उहाँले स्पष्ट पार्नुभयो ।
अधिकारको लागि केन्द्रलाई घचघचाइरेको आठ बर्ष भएको प्रसंग कोट्याउँदै नेता यादवले बिना साधन स्रोतको अवस्थामा मधेश प्रदेशले वेथिति बेहोर्नु परेको उल्लेख गर्नुभयो । यसको अन्त्य हुन जरुरी छ, उहाँले जोड दिनुभयो ।
उहाँले भन्नुभयो , सबैलाई सम्मान, अवसर चाहिन्छ । सम्मान र पहिचानको लडाई जारी छ ।
बिचारोत्तेजक मन्तव्य दिनुहुँदै जसपा अध्यक्ष यादवले अधिकारको संघर्षसगै मधेशमा सुशासनको आवश्यकता पनि उतिकै रहेको खांचो रहेको औल्याउनुभयो । भ्रष्टाचार र कमीशनतंत्र सुशासनको शत्रु भएको तथ्यतर्फ संकेत गर्नुहुंदै अध्यक्ष यादवले सुशासनको लागि शपथ लिनपनि भावपूर्ण शब्दमा आव्हान गर्नुभयो । संघीयता त अरुलाईपनि चाहियो तर हाम्रो लागि संघीयता प्राणवायु हो भन्नुहुँदै उहांले राजनीतिकर्मीहरुलाई भ्रष्टाचारको दलदलमा नफर्सनपर्ने कडा निर्देश दिनुभयो ।
मधेश प्रदेशका मुख्यमंत्री सरोजकुमार यादवले सभामुख हुंदा नामाकरणमा आफूले खेलेको महत्वपूर्ण भूमिकाबारे प्रकाश पार्नुहुँदै आफूले नियमावली संशोधन गरी गोप्य मतदान गर्न लगाएपछि स्थिति फेरिएको बताउनुभयो ।
लालबाबु राउत नेतृत्वको तात्कालीन सरकारसंग सामान्य बहुमतमात्र रहेको अवस्थामा प्रदेशसभा सदस्यहरुसंग बन टु बन कुरा गरेको स्मरणपनि मुख्यमंत्री यादवले गर्नुभयो ।
सो अवसरमा नेपाली कांग्रेस मधेश प्रदेशका सभापति तथा भौतिक पूर्वाधार विकास मंत्री कृष्णप्रसाद यादवले मधेश आंदोलन एवं मधेश प्रदेश नामाकरणमा नेपाली कांग्रेसको पनि योगदानकम नरहेको चर्चा गर्नुभयो । तथापि मात्र मधेशको राग अलापेर काम नचल्ने बताउँदै मंत्री यादवले अब २४ मा २० घण्टा काम गर्नुपर्छ, बताउनुभयो ।
६१ लाख आबादीमा १३ अर्ब बजेट र कतै १८ लाख आबादीमा १८ अर्ब बजेट छ, अन्याय अहिले पनि भैरहेको उदाहरण अघि सार्दै उहांले भन्नुभयो ।
अर्थमंत्री संजय कुमार यादवले मधेश र मधेशी जनताको अधिकार कुंठित गरी अंतरिम संबिधानमा नाम नलेखिंदा संबिधान जलेको प्रसंग उल्लेख गर्नुभयो।
मधेशीलाई दोयम दर्जाको नागरिक ठानिदा ठूलो आन्दोलन भएको बताउँदै उहांले यो मात्र स्वाभिमान दिवस हैन यसले मधेशीलाई अन्तर्राष्ट्रीयस्तरमा मान सम्मान दिलाएको धारणा पनि राख्नुभयो।
एकीकृत समाजबादी पार्टीका नेता एवं भूमि व्यवस्था, कृषि तथा सहकारी मंत्री गोबिन्द बहादुर न्यौपानेले आफूहरुको कांधमा ठूलो जिम्मेबारी आएको प्रसंग अघि सार्दै कृषिमा लाग्न नचाहने युवा जमातलाई कृषितर्फ फर्काइनुपर्ने आवश्यकतामाथि जोड दिनुभयो । मधेश प्रदेशलाई कसरी समृद्ध र खुशहाल बनाई मधेश प्रदेशको गौरव कसरी कायम गर्नेतर्फ सबै केन्द्रित हुन अपीलपनि उहांले गर्नुभयो ।
उद्योग, बाणिज्य तथा पर्यटन मंत्री सुनीता यादवले सात प्रदेश मध्ये पहिचानको आधारमा मधेश प्रदेशको मात्र नामाकरण हुनसक्नु गर्वको कुरा भएको बताउनुभयो ।
चुनौती अझ छन्, संघीयतामाथि बारम्बार प्रहार भैरहेको बताउदै उहांले संघीयता बचाउन अधिकारबादीहरुलाई अग्रणी भूमिका खेल्न तयार रहनसमेत आव्हान गर्नुभयो ।
पूर्व मुख्यमंत्री लालबाबु राउतले मधेश प्रदेश नामांकरणमा सबै राजनीतिक दलका नेताहरुको भूमिका रहेको चर्चा गर्नुहुँदै मधेश स्वाभिमान दिवस घोषणाको प्रशंसा गर्नुभयो ।
कार्यक्रमको अध्यक्षता गर्नुहुंदै गृह, संचार तथा कानून मंत्री मोहम्मद समीमले मधेशका लागि जब जब परीक्षा दिनुपरे आफू कसीमा खडा ओर्लंने प्रतिबद्धता व्यक्त गर्नुभयो । भ्रष्टाचारको मामिलामा आफू शून्य सहनशीलताका प्रस्तुत हुने विश्वास पनि सो अवसरमा उहांले दिलाउनुभयो ।
उक्त अवसरमा गृह, संचार तथा कानून मंत्रालयका निमित्त सचिव उत्तम खरेलले स्वागत मन्तव्य दिनुभएको थियो ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० बर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० बर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० बर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

छिन्नमस्ता गाउँपालिका
सप्तरी, मधेश प्रदेश

चौधरी ग्रुपले बुझायो १६ अर्ब १४ करोड कर

काठमाडौं। चौधरी ग्रुपले आर्थिक वर्ष २०७९/८० मा सरकारलाई १६ अर्ब १४ करोड रूपैयाँ कर बुझाएको छ। कुल सरकारी राजस्वमा चौधरी ग्रुपको १.८७ प्रतिशतको योगदान रहेको जनाएको छ।

अर्थतन्त्रमा आएको संकुचनका कारण सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेको समयमा आफूहरुको व्यावसायिक कारोबारमा पनि असर परेको भन्दै अघिल्लो आव २०७८/७९ को तुलनामा राजस्व योगदानमासमेत कमी आएको जनाएको छ। गत वर्ष चौधरी ग्रुपले १७ अर्ब ७२ करोड रूपैयाँ कर तिरेको थियो।

'अर्थतन्त्र मन्दीबाट गुज्रिरहँदा सरकारको कुल राजस्व संकुचित बनेको समयमा पनि चौधरी ग्रुपले उच्च कर तिर्न सक्षम भएको तथ्यले हामीलाई उत्साहित बनाएको छ। राष्ट्रिय अर्थतन्त्रको बिस्तार र राष्ट्रका विकास निर्माणका परियोजनामा उल्लेख्य योगदान गर्न पाउँदा हामीलाई सन्तोष लागेको छ,' चौधरी ग्रुपका अध्यक्ष विनोद चौधरीले भने, 'हामीले नेपालमा द्रुत गतिमा लगानी विस्तार गरिरहेका छौं। त्यसबाट राष्ट्रिय अर्थतन्त्रमा अर्थपूर्ण योगदान पुग्नेछ भन्नेमा हाम्रो विश्वास छ।'

अध्यक्ष चौधरीले नेपालमा लगानीको वातावरणमा सुधार गरि लगानीकर्तालाई प्रोत्साहित गरेर मात्रै राजस्वको दायरा फराकिलो बनाउँदै लैजान सम्भव बताएका छन्।

गत पाँच वर्षमा चौधरी ग्रुपले सरकारलाई ७० अर्ब रुपैयाँ कर तिरिसकेको छ। आर्थिक वर्ष २०७५/७६ मा ११ अर्ब ६७ करोड, २०७६/७७ मा ९ अर्ब ८७ करोड, २०७७/७८ मा १४ अर्ब २८ करोड, २०७८/७९ मा १७ अर्ब ७२ करोड र २०७९/८० मा १६ अर्ब १४ करोड कर सरकारी ढुकुटीमा दाखिला गरिएको रुपपले जनाएको चौधरी रुपले नेपाललाई मुख्य प्राथमिकतामा राखेर लगानी विस्तार गरिरहेको चौधरी रुपका प्रवन्ध निर्देशक निर्वाण चौधरीलेले बताएका छन्।

खाद्य एवं पेय पदार्थ, हस्पिटालिटी, वित्तीय क्षेत्र, अटोमोबाइल्स, शिक्षा, पूर्वाधार एवं नयाँ प्रविधिमा हामीले तीब्ररुपमा लगानी विस्तार गरिरहेका छौं। नेपालको समग्र अर्थतन्त्रमा हामी प्रभावकारी योगदान पुऱ्याउन चाहान्छौं,' प्रवन्ध निर्देशक चौधरीले भने, 'हाम्रो रूप १५० वर्षदेखि नेपालको अर्थतन्त्रको विकासमा सक्रिय छ। हामी नेपालका सातै प्रदेशमा लगानी विस्तार गरिरहेका छौं। यसबाट देशको समावेशी विकासमा योगदान पुग्नेछ भन्ने हाम्रो विश्वास छ।'

नेपालमा व्यावसायिक ग्रुपहरूले सरकारको राजस्वमा गरेको योगदानलाई सरकारी तवरबाट छुट्टै गणना गर्ने र प्रोत्साहन गर्ने परिपाटी नहुँदा चौधरी रुपले प्रत्येक वर्ष आफ्नो समूहबाट राजस्वमा गरेको योगदानलाई सार्वजनिक गर्दै आएको जनाएको छ।

गाईघाटको सडकमा विश्व बैंकको सय करोड

तुलसी प्रसाद कोईराला, उदयपुर । उदयपुरको सदरमुकाम रहेको त्रियुगा नगरपालिकाको गाईघाट बजारमा आधुनिक सडक बन्ने भएको छ। त्रियुगा नगरपालिकाका ४ वटा वडामा १४ दशमलव ५० किलोमिटर आधुनिक सडक बन्ने भएको हो। विश्व बैंकले गर्ने भौतिक विकास अन्तरगत त्रियुगा नगरपालिकाका ४ वटा वडाका ९ वटा योजनाको सम्पूर्ण प्रक्रिया पुरा गरि ठेक्का प्रक्रिया शुरु भएको छ । विश्व बैंकले शहरी विकास मन्त्रालयमार्फत 'शहरी सुशासन तथा पूर्वाधार सुधार कार्यक्रम' (यूजीआईआईपी) अन्तर्गत त्रियुगा नगरपालिकाका वडा नं १०, ११, १२ र १३ गरि ४ वटा वडाका ९ वटा सडकको कालो पत्रेलागि ठेक्का प्रक्रिया शुरु भएको हो ।

नगरको महत्त्वपूर्ण सहरी क्षेत्र गाईघाट बजारको विकासमा

सहयोग पुग्ने उक्त सडक निर्माणमा विश्व बैंकको एक अर्ब बढी रुपैयाँमा सडक निर्माण हुने लागेको त्रियुगा नगर पालिकाका नगर प्रमुख बसन्त बस्नेतले बताए । सात प्रदेशका ३३ स्थानीय तहमा 'सहरी शासकीय सुधार तथा पूर्वाधार आयोजना' सञ्चालन गर्ने नेपाल सरकारले निर्णय बमोजिम उक्त आयोजनामा नेपाल सरकारलाई विश्व बैंकले एक अर्ब ५० करोड अमेरिकी डलर (करिब दुई खर्ब रुपैयाँ) सहुलियत ऋण उपलब्ध गराउने सम्झौता भएको थियो ।

उक्त परियोजना अन्तर्गत त्रियुगा नगरपालिका छनोटमा परि गाईघाट बजारका सडक कालोपत्र गर्न विश्व बैंकले ७८ लाख अमेरिकी डलर (एक अर्ब रुपैयाँभन्दा बढी) ऋण उपलब्ध गराएको नगर प्रमुख बस्नेतले जानकारी दिए। नगर प्रमुख बस्नेतका अनुसार गाईघाट टावन प्लानिङ्गका सडक, सिटिहल सिमलटार सडक, बाबारानी डिएम गेट सडक, पिजि चोक - फुलचोक - बोटेटोल - त्रियुगा करिडोर सडक, शिवालय टोल हुँदै करमगाछी सडक, प्रगती टोल हुँदै साकेला टोल सडक, सगरमाथा कृषी बजार पश्चिम बाट जनप्रेमी टोल हुँदै बिसनपुर त्रियुगा करिडोर सडक गरि १४ दशमलब ५० किलोमिटर सडक निर्माण हुने छ ।

विश्वबैंकको लगानीमा अन्तराष्ट्रिय स्तरको मापदण्डमा बन्ने सडक डबल लेनको हुने, स्टेट लाइट सहित सम्पूर्ण सुविधा उपलब्ध हुने नगर प्रमुख बसन्त बस्नेतले जानाकरी दिए । नगरभित्रका दुई राजमार्ग (मदन भण्डारी र सगरमाथा) लाई जोड्दै बजार एरिया महत्वपूर्ण सडक एक आपसमा जोडिने गरी लिङ्क रोड निर्माण गर्नेगरि सडकहरुको छनोट गरिएको उनले बताए ।

संघीय सरकारको निर्णय र स्थानीय तहको नेतृत्वमा ती सडक निर्माण गरिनेछ । विश्व बैंकसँगको सम्झौतामा ती सबै सडक ०८२ असार ३१ गतेसम्ममा निर्माण सम्पन्न भइसक्नुपर्ने उल्लेख छ ।

आज मधेशका लागि ऐतिहासिक दिन : अर्थमन्त्री यादव

जनकपुरधाम । मधेश प्रदेशका अर्थमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका नेता संजयकुमार यादवले आजको दिन मधेशका लागि ऐतिहासिक दिन रहेको बताएका छन् ।

लामो, सघंर्ष र बलिदानीबाट प्राप्त भएको संघीयतालाई संस्थागत गर्दै मधेश प्रदेशले आजकै दिन मिति २०७८ माघ ३ गते 'मधेश प्रदेश' नामाकरण गरिएको थियो ।

अर्थमन्त्री यादवले भनेका छन्, 'प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग र साथ दिनुभएका सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दै शुभकामना पनि व्यक्ति गर्दैछु ।'

'साथै, यसका लागि आफ्नो ज्यानको आहुती दिनुहुने सम्पूर्ण ज्ञात र अज्ञात वीर शहिदहप्रति पनि नमन व्यक्त गर्दछु ।' अर्थमन्त्रीले भनेका छन् ।

जिल्ला समाचार

अयोध्यामा श्रीराम मन्दिर उद्घाटनको दिन उत्सव मनाऔं : नेपाल जनता पार्टी

वीरगन्ज । नेपाल जनता पार्टीले अयोध्यामा निर्माण भएको श्रीराम मन्दिरको पावन दिन उत्सव मनाउन हिन्दू समाजलाई आग्रह गरेकों छ। पाँच सय वर्षको संघर्ष र हजारौ हजारको बलिदानीबाट अवसर प्राप्त भएको हो । सनातन धर्म माननेहरुका लागि माघ ८ गते २२ जनवरी ऐतिहासिक दिन हो । अयोध्यामा निर्माण भगवान श्रीरामजीको मन्दिर विश्वभरिका हिन्दूहरुको प्रमुख आस्था केन्द्र हो । नेपाल जनता पार्टी केन्द्रीय कार्य सम्पादन समितिको पुस २६, २७ र २८ गते काठमाडौं अनामनगरमा बसेको बैठकले माघ ८ गते घर-घर दीपावली, पूजापाठ र हरेक मन्दिरमा भव्य पूजापाठ गर्न पार्टीको केन्द्रीय समिति, वर्गीय मंच, प्रदेश समिति, जिल्ला समिति, नगर समिति, वडा समितिका नेता कार्यकर्तालाई निर्देशन गरेको छ । साथै अयोध्या श्रीराम मन्दिर उद्घघाटनको पावन दिन माघ ८ गते देशभरि हिन्दू समाज, धार्मिक संघ-संस्था, विभिन्न समूहले गर्ने कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने समेत पार्टीका नेतागणलाई निर्देशनातमक अनुरोध गरेको छ। नेपाल जनता पार्टीका केन्द्रीय अध्यक्ष त्रिभुवननाथ पाठकको सभापतित्वमा सम्पन्न बैठकमा वरिष्ठ नेता संतोषानन्द महाराज, वरिष्ठ उपाध्यक्ष खेमनाथ आचार्य, उपाध्यक्षहरु ओमप्रकाश जैसवाल, धीरेन्द्र झा मैथिल, विरेन्द्र कलवार, महामंत्रीहरु राजनन्दन चौधरी, नारायण सापकोटा, दीपेन्द्र चौधरी, मंत्री जयनाथ यादव, सह-कोषाध्यक्ष सुनील ढकाल, महिला नेतृ पिंकी महासेठ, युवा विभाग प्रमुख होम दहाल, प्रचार प्रसार विभाग प्रमुख दिलीप तामांग सहित सहभागी रहेका थिए ।

'सरकार भ्रष्टाचारमा लिप्त भयो'

वीरगंज । आम जनता पार्टी (आजपा)ले घोषणा गरेको ११ माघको मधेस बन्द कार्यक्रमलाई सफल बनाउंने आम विधार्थी मोर्चाले निर्णय गरेको छ । 'बैंकले लिइरहेको मनोमानी ब्याज फिर्ता गर्नुपर्ने, लघुवित्त तथा सहकारीबाट लिएको कर्जा माफी गर्नुपर्ने, आम जनतालाई सहज कर्जा उपलब्ध गराउनु पर्ने' लगायतका माग गर्दै आजपाले ११ माघमा मधेश बन्द गर्ने घोषणा गरेको छ । बिरगंजको राधेमाईमा आज बसेको आम विधार्थी मोर्चा मधेस प्रदेश कमिटीको पदाधिकारी बैठकले ११ माघको मधेस बन्द सफल बनाउंने निर्णय गरेको छ । बैठकलाई सम्बोधन गर्दै आम विधार्थी मोर्चाका केन्द्रीय अध्यक्ष बिबेक साहले आजपाले उठाउँदै आएको माग सम्बोधनमा सरकारले चासो नदिएकाले मधेस बन्दको कार्यक्रमलाई सफल बनाउनुपर्ने जोड दिए । आजपाले उठाउँदै आएको माग सम्बोधनका लागि सरकारलाई ज्ञापनपत्र बुझाईसकेको बताउँदै विधार्थी मोर्चाका अध्यक्ष साहले त्यसको कुनै सुनुवाई नभएपछि बाध्य भएर आन्दोलनमा उत्रिनु परेकाले मधेस बन्द कार्यक्रम सफल र प्रभावकारी बनाउंनु सबै विद्यार्थीहरु सडकमा उत्रिनुपर्ने बताए । 'मधेस प्रदेश सरकारमा सहभागि भएकाहरु भ्रष्टाचारमा लिप्त छन् । समृद्धि, सुशासन तर्फ उनीहरुको ध्यान नै छैन् । जनताको माग सम्बोधन गर्नका लागि हामीले ज्ञापनपत्र बुझाउंदा समेत कुनै चासो दिएका छैनन्, विधार्थी मोर्चाका अध्यक्ष साहले भने, 'जनताको माग सडकबाटै सम्बोधन गर्न सरकारलाई हामीले बाध्य पार्नेछौं । त्यसका लागि आजैदेखी तयारीमा जुटनुपर्छ ।' विधार्थी मोर्चा मधेस प्रदेश कमिटीका अध्यक्ष राकेश बैठाको अध्यक्षतामा बसेको उक्त बैठकमा आजपाको मधेश प्रदेश ईन्चार्ज सुधिर यादव, प्रदेश अध्यक्ष उमेश कुशवाहा आजपको स्थायी कमिटीका सदस्यहरु बाबुराम कौशीक, कदम रसुल आम महिला मोर्चाका केंन्द्रिय अध्यक्ष बबिता साह लगायतको विशेष सहभागिता रहेको थियो ।

बीआरआई ऋणजालबाट बच्न माग

सप्तरी । राष्ट्रिय एकता अभियानले सप्तरीको राजबिराजमा राष्ट्रिय स्वाधीनता, बीआरआई बीआरआई ऋणजाल र पोखरा अन्तर्राष्ट्रिय बिमानस्थल' बिषयक एक संवाद कार्यक्रमको आयोजना गरेको छ। यो कार्यक्रमको अध्यक्षता नेपाली काङ्गेसका जिल्ला उपसभापति रामकुमार यादवले गर्नुभएको थियो भने मुख्य अतिथि अभियानमा केन्द्रीय संयोजक विनय यादव हुनुहुन्थ्यो। कार्यक्रममा विशिष्ट अतिथिका रुपमा अभियानका वरिष्ठ नेता तथा सभासद बीपी यादव रहनु भएको थियो भने वक्ताहरूमा कृष्ण नन्द रजक, इंजिनियर इंद्र नारायण देव,डॉ शिव शंकर यादव, समाजसेवी शंकर सारदा, सामुदायिक प्रहरी सेवा केंद्रका हितनारायण लाल दास, दिनेश प्रसाद सिंह, अधिवक्ता साधना कर्ण, जसपा की आशा साह, तरुण दलका सीता प्रसाद यादव, इंजिनियर जगदीश मेहता, अध्यापक वरुण कुमार कर्ण, नगरपालिका सदस्य राजबीराज की ललिता कर्ण, सोनी रजकलगायतले आपनो मनव्वय राखेका थिएकार्यक्रमको संचालन अभियानका जिल्ला अध्यक्ष पार्थो सरकारले गरेका थिए। कार्यक्रममा राष्ट्रिय स्वाधीनताको महत्व, देशको आर्थिक दुर्गतीमा बीआरआई ऋणजालको भूमिका र पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको व्ययभारबाट हुने आर्थिक नोक्सानका विस्तृत छलफल भयो । प्रमुख अतिथि विनय यादवले राष्ट्रिय एकता र विकासमा चीनबाट नेपालको राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्न आबस्यक रहेको बताए। उनले पोखरा अन्तरराष्ट्रिय बिमानस्थलको लागि उपलब्ध गराईएको ऋण भोली नेपालको सार्वभौमसतालाई चुनौती दिए खतरा औल्याए। यादवको भनाईमा समर्थन गर्दै अन्य बक्ताहरूले राष्ट्रिय एकता, बिकास र समृद्धिका लागि नेपालले चीनसङको बिआरआई सम्झौता खारेज गर्नुपर्नेमा सहमती जनाए।

मंत्रालयको कारण मेसुविहीन भए अस्पताल, तालाबंदी गर्ने चिकित्सकको चेतावनी

राकेश यादव, रौतहट । जिल्लाको सदरमुकाम गौरमा रहेको प्रादेशिक अस्पतालमा दिन प्रति दिन बिरामीको संख्या घट्दै गएको छ । मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मंत्रालयको गैर जिम्मेवारीको कारण प्रादेशिक अस्पतालको सेवा प्रभाव प्रभावित हुदै गएको हो । प्रादेशिक अस्पतालको मेडिकल सुप्रीटेंडेंटको बिवादको कारण प्रमुख बिहीन भएका कारण अस्पतालमा कार्यरत रहेका चिकित्सकहरु बिगत तीन महीना देखि तलब, भत्ता पाउनबाट समेत बंचित भएको छ ।

प्रादेशिक अस्पतालमा राजनितिक विषय प्रवेश गरेको कारण पछिलो समय बिरामीहरुको भीड़ लाग्ने अस्पतालमा मेसु सरुवाको विषय लिएर बिवाद सृजना सृजना भएपछि उपचार गराउन आउने बिरामीको चाप न्यून भएको हो ।

कार्यालय प्रमुख नहुँदा स्वास्थ्यकर्मी तलब भत्ता पाउन नसकेको र मंत्रालयले मेसुको दुझे लगाऊंन समेत नसकेको अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मोहमद अनवर हासमीले बताएका छन ।

गौर अस्पताल प्रति आम नागरिकको रहेको अबिश्वासलाइ चिरदै उपचारको बातावरण बनाउन प्रयास गरेको र सेवा प्रवाहमा सुधार ल्याएको बेला प्रदेश सरकारले गरेको चलखेलले फेरी अस्पताललाइ पहिलाको अवस्थामा फर्काएको गुनासो अध्यक्ष हासमीको रहेको छ । मेसुको बिवाद समाधान गर्न पटक पटक ध्यानाकर्षण गराउदा पनि सम्वन्धित मंत्रालय तथा मुख्यमंत्री कार्यालयले कुनै चासो देखाउन नसकेको आरोप उहाको रहेको छ ।

कार्यालय प्रमुख नहुँदा अस्पतालको प्रशासनिक कार्य प्रभावित भएको बताउँदै अध्यक्ष हासमीले कर्मचारीको व्यवस्थापन छिटो गर्नको लागि आग्रह समेत गरेका छन् । प्रादेशिक अस्पताल गौरमा कार्यरत रहेका मेसु डाक्टर कृष्णा साहको सरुवा गरेर डाक्टर संजीब सिंहलाइ पठाएको र पछि गएको कार्तिक महीनामा फेरी डाक्टर सिंहलाइ सरुवा गरेर डाक्टर साहलाइ मेसुको रुपमा मंत्रालयले पठाएपछि डाक्टर सिंहले मुख्यमंत्री तथा स्वास्थ्य मंत्री र मंत्रालयलाइ विपक्षी बनाएर उच्च अदालत जनकपुर अस्थायी इजलास बीरगंजमा रिट दायर गरेपछि अस्पताल मेसु बिहीन भएको छ । रिट दायर गरेका डाक्टर सिंह बढुवा भएपछि पनि मंत्रालयले पदस्थापन नगरेको बुझिएको छ । कार्यालय प्रमुख बिहीन भएको कारण अस्पतालमा दिइने औषधिको आभाव भएको छ । उपचार गराउन आउने बिरामीहरु निजी अस्पतालमा चर्को शुल्क तिरेर उपचार गराउन बाध्य भएका छन् ।

आकस्मिक कक्षका इंचार्ज स्वास्थ्यकर्मी राजेश सिंहका अनुसार ग्लब्स पनि उपलब्ध नरहेकोले तत्काल उपचार गर्न समस्या हुने गरेको छ । तीन महीना देखि तलब ,नाइट भत्ता , आईसीयू भत्ता , नपाएको भन्दै कार्यरत ११ जना चिकित्सकले माघ ७ गते देखि तालाबन्दी गरेर आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

डाक्टर फिरोज , डाक्टर बिक्रान्त मेहता ,उज्जवल ठाकुर , गोपाल गुप्ता , डाक्टर अमित कुमार चौधरी, रंजन ठाकुर , परशुराम यादव ,चन्दन कुमार सहनी, शेखर जायसवाल र डाक्टर नबिन सागर यादवले संयुक्त रुपमा विज्ञप्ति जारी गर्दै यस्तो चेतावनी दिएको हो ।

उपराष्ट्रपति र भारतीय राजदूतबीच शिष्टाचार

काठमाडौं । उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग भारतका राजदूत नवीन श्रीवास्तवले लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा बुधवार शिष्टाचार भेटघाट गरेका छन् ।

भेटघाटका क्रममा परस्पर शुभकामना आदान-प्रदानपछि दुई मुलुकको द्विपक्षीय सम्बन्ध, उच्चस्तरीय भ्रमण, आर्थिक सहयोग, नेपालको विकास प्राथमिकताहरु, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरु लगायत विविध विषयमा छलफल भएको हो ।

उपराष्ट्रपति यादवले नेपाल र भारतबीच सौहार्दता, मित्रता, सद्भावना, आपसी समझदारी र सहयोगले गाँसिएको गहिरो एवं बृहत् सम्बन्ध रहेको बताए । 'दुई देशबीचका सम्बन्धहरू सार्वभौमिक समानता, असल छिमेकीपन, आपसी सम्मान र पारस्परिक विश्वासका सिद्धान्तमा आधारित छन्' उनले भने, 'नेपाल र भारतबीच सामाजिक, सांस्कृतिक, धार्मिक, आध्यात्मिक, आर्थिक सम्बन्ध एवं जनस्तरको घनिष्ठ सम्बन्धको शताब्दीयौं पुरानो परम्परा छ ।'

हालैका वर्षहरुमा नेपाल-भारत सहयोग र विकास साझेदारी, विशेषगरी सीमापार पूर्वाधार विकास र ऊर्जा क्षेत्रमा राम्रो गति लिएकोमा खुशी व्यक्त गर्दै उनले भने, 'मित्रराष्ट्र भारतले सामाजिक-आर्थिक विकासमा निरन्तर प्रगति गरिरहेको र अन्तर्राष्ट्रिय शक्तिको रूपमा उदाउँदै गएकोमा हामीलाई खुशी लागेको छ । 'जी-दू' को सफल अध्यक्षता गरी समूहका लागि महत्वपूर्ण उपलब्धिहरु हासिल गर्न सकेकोमा हामी भारतलाई बधाई दिन्छौं ।'

छिमेकीलाई प्राथमिकता दिने भारतको 'नाईबरहूड फस्ट' नीतिले भारतले आफ्ना छिमेकी राष्ट्रहरुलाई दिएको प्राथमिकता र महत्वलाई प्रतिबिम्बित गरेको बताउँदै उनले भने, 'उच्चस्तरीय भ्रमणको आदान-प्रदानले हाम्रा दुई मुलुकबीचको हार्दिक द्विपक्षीय सम्बन्धलाई थप मजबुत तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।'

उनले नेपाल-भारत संयुक्त आयोगको सातौं बैठकको क्रममा नेपाल आउनु भएका भारतीय विदेशमन्त्री डा. एस जयशंकरले हामीबीच आदानप्रदान भएका दीर्घकालीन ऊर्जा व्यापार लगायतका सम्झौताहरू हुनु महत्वपूर्ण उपलब्धी भएको बताए । 'भारत नेपालको एक महत्वपूर्ण विकास साझेदार रही आएको छ । हामीले भारतबाट आर्थिक, प्राविधिक लगायत विभिन्न क्षेत्रमा उल्लेखनीय सहयोग प्राप्त गर्दै आएका छौं' उनले भने, 'हवाई, सडक र रेलमार्ग, पेट्रोलियम पदार्थको पाइपलाइन, जलविद्युत तथा प्रसारण लाइनको विकास, एकीकृत जाँच चौकी (आईसीपी) र मानव संसाधन विकासका क्षेत्रमा नेपाल-भारत सहकार्य महत्वपूर्ण छ ।'

उपराष्ट्रपति यादवले निकट छिमेकीका रुपमा हाम्रा दुई देशको विगत, वर्तमान र भविष्य जोडिएको बताउँदै हाम्रा जनताको प्रगति र समृद्धिका लागि हाम्रो मित्रता तथा सहकार्य थप मजबुत हुनु पर्नेमा जोड दिए ।

'हरित, दिगो र समावेशी आर्थिक विकास हासिल गर्नुका साथै कृषिको आधुनिकीकरण, पूर्वाधार विकास, जलविद्युत, व्यापार, लगानी, पर्यटन र मानव संशाधन विकास नेपालका प्राथमिकतामा रहेका छन्' नेपालको विकास प्राथमिकताहरु सम्बन्धमा उपराष्ट्रपति यादवले भने, 'नेपाल सन् २०२६ सम्ममा अति कम विकसित मुलुकबाट स्तरोन्नति हुँदैछ । यस संक्रमणकालमा हामीले आफ्नो क्षमता विकास गर्नुपर्नेछ । यसका निमित्त जनताको दक्षता बढाउने, विभिन्न वस्तुको उत्पादन गर्ने तथा पूर्वाधार निर्माण गर्ने जस्ता कुरा हाम्रा प्राथमिकतामा छन् ।'

उनले प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाले नेपाल र भारतलाई शताब्दीयौंदेखी जोडेको भन्दै हामीले दुई मुलुकका जनताको बृहत्तर लाभको लागि स्रोतहरूको संरक्षण र परिचालन गर्न आवश्यक रहेको बताए । क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूको सम्बन्धमा उपराष्ट्रपति यादवले भने, 'हाम्रा दुई मुलुक 'सार्क', 'बिम्सटेक', वीवीआईएन जस्ता क्षेत्रीय तथा संयुक्त राष्ट्रसंघ जस्ता बहुपक्षीय मञ्चहरूमा निकट रुपमा सहयोग र सहकार्य गर्दै आएका छन् ।'

भारतका महामहिम राजदूत नवीन श्रीवास्तवले दुई मुलुकबीच बहुआयामिक सम्बन्ध रहेको जनाउँदै भारत संधै नेपालको विकास यात्रामा सहयोगी रहेको र अगामी दिनहरुमा पनि रहिरहने बताए ।

'नेपालमा भारत रासायनिक मल कारखाना खोल्नका लागि सम्भाव्यता अध्ययन गर्ने क्रममा रहेको छ । यसअघि कृषिमा भएको सम्झौता परिमार्जन गर्दै र खानेपानीको क्षेत्रमा भारतले हासिल गरेको अनुभवका आधारमा सहयोग गर्न भारत तयार छ' उनले भने, 'अन्तरिक्षमा नेपाली स्याटेलाइट 'मुनाल' को प्रक्षेपण गर्न र क्रिकेट क्षेत्रमा सहयोग गर्ने चाहना भारतले राखेको छ ।'

राजदूत श्रीवास्तवले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपालसंग खास लगाब रहेको जनाउँदै सन २०२४ मा भारतका विदेशमन्त्रीको पहिलो अन्तर्राष्ट्रिय भ्रमण नेपालबाट हुनुले हाम्रो मुलुकले नेपाललाई दिएको महत्व र प्राथमिकतालाई दर्शाएको बताए । उनले भने, 'नेपालका धार्मिक स्थलमा जाने सडकको स्तरोन्नति भए भारतीय पर्यटकको संख्या बढ्ने भएकाले त्यसका लागि भारत सहयोग गर्न तयार छ ।'

भारत-नेपाल अन्तर-सरकारी उपसमिति (आइजीएससी) को बैठक सम्पन्न

काठमाडौं । अनधिकृत व्यापार नियन्त्रण हेतु व्यापार, पारवहन र सहकार्य सम्बन्धी भारत-नेपाल अन्तर-सरकारी उपसमिति (आइजीएससी) को दुईदिने बैठक काठमाडौंमा सम्पन्न भएको छ ।

काठमाडौंस्थित भारतीय राजदूतावास तथा विभिन्न मन्त्रालयका वरिष्ठ अधिकारी सम्मिलित भारतीय टोलीको नेतृत्व भारत सरकार वाणिज्य मन्त्रालयका सहसचिव विपुल बंशलले गर्नुभयो भने विभिन्न नेपाली मन्त्रालय र विभागका प्रमुख प्रतिनिधि सम्मिलित नेपाली टोलीको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव रामचन्द्र तिवारीले गर्नुभयो ।

व्यापार र लगानी सम्बन्धलाई सुदृढ बनाउन लक्षित द्विपक्षीय संयन्त्र आईजीएससीको यो बैठकले विभिन्न महत्वपूर्ण विषयहरूमा व्यापक छलफल गर्यो । दुवै पक्षले औषधीय तथा आयुर्वेदिक वस्तुका लागि आपसी बजार पहुँच बारे छलफल गरे । भारतीय पक्षले एफडीआईलाई प्रोत्साहन गर्न हेतु पेरिस महासन्धिको प्रावधान अनुसार आईपीआर व्यवस्थाको आवश्यकतामाथि प्रकाश पार्यो । नयाँ एकीकृत जाँच चौकी र रेलमार्ग निर्माणसहित भारत र नेपालबीचको निर्वाध अन्तरदेशीय कनेक्टिभिटीलाई थप सुदृढ गर्न द्विपक्षीय पहलको आवश्यकतालाई बैठकले जोड दिएको थियो । समृद्ध द्विपक्षीय व्यापारबारे साझा दृष्टिकोण प्रस्तुत गर्दै दुवै पक्षले यी पहलहरु कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

नेपालको आयात र निर्यातमा उल्लेखनीय योगदान पुर्याइरहेको भारत नेपालको प्रमुख व्यापार र लगानी साझेदारको रूपमा रहेको छ । यस बैठकमा भएको छलफलले दुई देशबीचको आर्थिक र व्यावसायिक सम्बन्धलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ ।

आयुर्वेदिक उपचार

आयुर्वेदको बारेमा यथार्थ र भ्रम

डा. सबरी साह
एम.डी.(आयुर्वेद)
वरिष्ठ कन्सलटेंट आयुर्वेद विज्ञ
सिंहदरबार वैद्यखाना विकास समिति

आयुर्वेद विश्वकै पुरानो, विश्वसनीय, वैज्ञानिक तथा समय सापेक्ष परीक्षित चिकित्सा पद्धति हो । यसको उत्पतिको इतिहास सृष्टि उत्पत्तिसँगैको छ । त्यति बेला संसारमा कुनै चिकित्सा पद्धति थिएन । यसको प्रथम उद्देश्य आजीवन स्वस्थ, दीर्घ जीवन प्राप्ति तथा सक्षम एवं स्वस्थ सन्तानोत्पत्ति हो । दोश्रो उद्देश्य रोगी मानिसको सम्पूर्ण उपचार गरि पूर्ण स्वस्थ गराउनु हो ।

आयुर्वेद चिकित्सा विज्ञानको साथै अध्यात्म विज्ञान, धर्म विज्ञान तथा समग्र मानव जातिको कल्याण गर्ने विधा हो । आयुर्वेद शास्त्रले भनेको दिनचर्या, रात्रिचर्या तथा ऋतुचर्याको अनुसार हामीले जीवनयापन गर्ने हो भने आजीवन स्वस्थ रहनुको साथै, रोग प्रतिरोधी क्षमता सबल रहन्छ एवं बढ्दो उमेरको प्रभाव (Effect of Ageing) शरीरमा कम पर्छ ।

संसारको कुनै चिकित्सा पद्धतिबाट उपचार गर्दा मुख्य कुरा त्यसमा प्रयोग हुने औषधि हो । एलोपैथिक लगायत धेरै चिकित्सा पद्धतिमा प्रयोग हुने औषधिमा विभिन्न किसिमको केमिकल हुन्छ । तर आयुर्वेदको सबै औषधि प्राकृतिक रूपमा प्राप्त हुने कच्चा पदार्थहरूलाई विभिन्न किसिमको प्राकृतिक प्रक्रियाद्वारा तयार गरिन्छ । अर्को कुरा प्रायः औषधि एकभन्दा बढी कच्चा पदार्थहरूबाट निर्माण गरिएको हुन्छ । जसको कारणले गर्दा आयुर्वेद औषधि बढी प्रभावकारी, दीर्घकालीन रूपमा रोगको शमन गर्नमा सक्षम तथा दुष्प्रभावरहित हुन्छ ।

यति गुणकारी, प्रभावकारी, रोगलाई जडैदेखि निर्मूल गर्नमा सक्षम तथा शरीरलाई शारीरिक तथा मानसिक रूपमा स्वस्थ राख्ने आयुर्वेद औषधिको बारेमा विभिन्न किसिमको भ्रमात्मक दुष्प्रचार जनमानसमा जुन फैलाइएको छ, त्यो यथार्थ नभई सर्वसाधारणलाई दिग्भ्रमित गर्नका लागि हो । यथार्थ त आयुर्वेद चिकित्सा पद्धति र औषधि दुवै मानवको लागि अमृत हो । जुन ग्रन्थमा मात्र नभई व्यवहारमा पनि देखिन्छ । तर एलोपैथिक चिकित्सा पद्धति मानव जातिका लागि घातक हो । यो कुरा सर्वविदितै छ भनि राख्नु पर्दैन । मेरो पाठकसँग विशेष अनुरोध आयुर्वेद चिकित्सा पद्धति अपनाउनुहोस् र घरपरिवार तथा सामाजलाई स्वस्थ बनाउनमा योगदान पुऱ्याउनुहोस् ।

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

शुल्क	सेवा
रू. ५०००/- (पाँच हजार मात्र)	फोन, फ्याक्स, इमेल

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं